का.जि.प्र.का.द.नं. १००/०५९/६०

१७ साउन २०८०,
बुधबार
2 August 2023,
Wednesday

मूल्य रु. ५/-

# मध्यान्ह

राष्ट्रिय दैनिक

ईपेपर हेर्न

वर्ष २१, अंक १८८ । पृष्ठ १० | Madhyanha National Daily | www.madhyanhadaily.com




# सत्ताका लागि सभामुखको राजीनामा

सरकार गठनमा राप्रपाको साथ नपाएपछि गठबन्धनले सभामुख बाबुराम गौतमको राजीनामा गराएको हो । राजीनामा गर्न तयार नभएपछि उनको पार्टी माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री प्रचण्डले गौतमसँग संवाद गरेका थिए ।

**मुकुन्द लामिछाने / मध्यान्ह**
काठमाडौं, १६ साउन ।

कोशी प्रदेशको नयाँ मुख्यमन्त्रीमा नेपाली काँग्रेसका उद्धव थापा नियुक्त भएका छन् ।

सभामुखको हस्ताक्षर प्रयोग गरी सरकार गठन गरेको कारण २२ दिनमै मुख्यमन्त्रीबाट बर्खास्तीमा परेका थापा पुनः बहुमत देखाउँदै मुख्यमन्त्री बनेका हुन् । प्रदेश प्रमुख परशुराम खापुङले मंगलवार दोस्रो पटक मुख्यमन्त्री नियुक्त गरेका हुन् ।

यसअघि थापाले संविधानको १६८ को उपधारा २ अनुसार काँग्रेस, माओवादी केन्द्र, एकीकृत समाजवादी र जसपाको समर्थनमा मुख्यमन्त्री दाबी गरेका थिए । थापालाई मुख्यमन्त्री बनाउन काँग्रेसका २९, माओवादीका १३, एकीकृत समाजवादीका ४ र जसपाका १ सांसदले समर्थन गरेका छन् ।

मुख्यमन्त्रीमा सत्ता गठबन्धनको बहुमत पुऱ्याउन कोशीका सभामुख बाबुराम गौतमले पदबाट राजीनामा दिए । 'प्रदेशको विकासका लागि सभामुखको राजीनामा जरुरी थियो भन्ने मलाई लाग्दैन तर मलाई परिस्थितिले राजीनामा दिनुपर्ने अवस्थामा पुऱ्यायो' गौतमले भनेका छन् ।

प्रदेश प्रमुख परशुराम खापुङले दलहरूलाई मुख्यमन्त्री दाबी गर्न दिएको समय केही घण्टा बाँकी रहँदा सभामुखले गौतमले राजीनामा दिएका हुन् । सरकार गठनमा राप्रपाको पृष्ठ २ मा



प्रदेशको विकासका लागि सभामुखको राजीनामा जरुरी थियो भन्ने मलाई लाग्दैन, तर मलाई परिस्थितिले राजीनामा दिनुपर्ने अवस्थामा पुऱ्यायो ।

**बाबुराम गौतम**
**निवर्तमान सभामुख, कोशी प्रदेश**

संवैधानिक परिषद्को बैठक निष्कर्षविहीन

# प्रधानन्यायाधीश नियुक्तिमा विलम्ब

५० दिनका लागि प्रधानन्यायाधीश भएका हरिकृष्ण कार्की ६५ वर्ष उमेर हदका कारण साउन २० गतेदेखि नियमित अवकाशमा जाँदैछन् । प्रधानन्यायाधीश सिफारिसमा विलम्ब हुँदा सर्वोच्चको नेतृत्व फेरि कायममुकायम प्रधानन्यायाधीशकै भरमा पुग्ने निश्चित भएको छ ।

**दिवाकर अधिकारी / मध्यान्ह**
काठमाडौं, १६ साउन ।

मंगलबार बसेको संवैधानिक परिषदको बैठक भावी प्रधानन्यायाधीशको नाम सिफारिस गर्न सकेन । सिंहदरबारमा डेढ घण्टा बसेको परिषद् बैठक निष्कर्षविहीन बनेको हो ।

राष्ट्रिय सभा अध्यक्ष गणेश तिमिल्सिनाका अनुसार बैठकमा धेरै विषयमा छलफल भए । तर प्रधानन्यायाधीश कसलाई बनाउने भन्नेमा गम्भीर छलफल भएन । उनका अनुसार साउन १८ गते बस्ने अर्को बैठकले रिक्त संवैधानिक निकायका पदहरूमा एकमुष्ट निर्णय गरिने सहमति भएको छ । 'धेरै विषयमा छलफल भयो तर निर्णय भएन । अब १८ गते बस्ने बैठकमा अरु रिक्त पदमा पनि छलफल गर्ने भन्ने भएको छ' अध्यक्ष तिमिल्सिनाले भनेका छन् ।

५० दिनका लागि प्रधानन्यायाधीश भएका हरिकृष्ण कार्की ६५ वर्षको उमेर हदका कारण साउन २० गतेदेखि नियमित अवकाशमा जाँदैछन् । २१ जनाको दरबन्दी रहेको सर्वोच्चमा हाल १६ जनामात्रै न्यायाधीश कार्यरत रहेका छन् । प्रधानन्यायाधीश सिफारिसमा ढिलाइ हुँदा सर्वोच्चको नेतृत्व फेरि कायममुकायम प्रधानन्यायाधीशकै भरमा पुग्ने निश्चित भएको छ ।

प्रधानन्यायाधीश हरिकृष्ण कार्की उमेर हदका कारण अवकाश पाउने दिन नजिकिँदै गर्दा पनि संवैधानिक परिषद्ले प्रधानन्यायाधीशको सिफारिस गर्न सकेको छैन । संवैधानिक परिषद्ले निर्णय नगरेकै कारण हुँदा सर्वोच्च अदालत फेरि पनि केही समय कायममुकायमको भरमा चल्ने निश्चित भएको हो । यसअघि पनि सर्वोच्च अदालत करिब १६ महिना नेतृत्वविहीन भएको थियो ।

संविधानको धारा १२९ मा प्रधानन्यायाधीश तथा न्यायाधीश नियुक्तिसम्बन्धी व्यवस्था गरिएको छ । संविधानतः परिषद्ले प्रधानन्यायाधीश पद रिक्त हुनुभन्दा एक महिनाअगावै नियुक्तिका लागि सिफारिस गर्नुपर्ने हुन्छ । तर बहालवाला प्रधानन्यायाधीश रिक्त हुन चार दिनमात्र बाँकी रहेको स्थितिमा बसेको परिषद्को बैठक पनि भावी प्रधानन्यायाधीशको नाम सिफारिस गर्न सकेन । यसले गर्दा एक महिनाअगावै नियुक्ति गर्नुपर्ने पृष्ठ २ मा





धेरै विषयमा छलफल भयो, तर निर्णय भएन । अब १८ गते बस्ने बैठकमा अरु रिक्त पदमा पनि छलफल गर्ने भन्ने छ ।

**गणेश तिमिल्सिना**
**अध्यक्ष, राष्ट्रिय सभा**

अघि बढ्यो संघीय शिक्षा ऐन

# शिक्षकको न्यूनतम योग्यता स्नातक हुनुपर्ने

विधेयकमा सरकारले सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकको योग्यता स्नातक र स्नातकोत्तर हुनुपर्ने प्रस्ताव गरेको छ ।



**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन ।

संविधान जारी भएको आठ वर्षपछि संघीय शिक्षा ऐन अघि बढेको छ । उक्त ऐनलाई संसदमा पेश गर्न मंगलबार बसेको मन्त्रिपरिषद बैठकले स्वीकृति दिएको छ । यो सँगै संघीय शिक्षा ऐन संसदमा पेश हुने भएको छ ।

प्रस्तावित विधेयकमा सरकारले सामुदायिक विद्यालयमा अध्यापन गराउने शिक्षकको योग्यता स्नातक र स्नातकोत्तर हुनुपर्ने प्रस्ताव गरेको छ । शिक्षा विज्ञान तथा प्रविधि मन्त्रालयले तयार गरेको मस्यौदामा आधारभूत तह र माध्यमिक तहका विद्यालय शिक्षकको योग्यता क्रमशः सम्बन्धित विषयमा कम्तिमा स्नातक र कम्तिमा स्नातकोत्तर हुनु उल्लेख गरिएको छ ।

यस अघि विद्यालय क्षेत्र सुधार कार्यक्रम (एसएसडिपी) मा शिक्षकको योग्यताको विषय उठान गरेको थियो । पछिल्लो समय सामुदायिक विद्यालयको स्तर खस्कदै गएपछि सरकारले संघीय शिक्षा ऐन मार्फत यस्तो व्यवस्था गर्न लागेको हो । हाल प्रावि तहमा अध्यापन गर्ने शिक्षकको योग्यता एसएलसी, निमाविको लागि प्रविणता प्रमाणपत्र (हाल दश जोड दुई) र मावि तहको लागि स्नातक हुनेपर्ने व्यवस्था कायम गरिएको छ ।

तर सरकारले गुणस्तर सुधार गर्न भन्दै ऐन मार्फत नयां व्यवस्था लागू गर्न लागेको हो । पृष्ठ २ मा

## वैदेशिक रोजगार विशेष

# घरेलु कामदारको श्रम स्वीकृति खुलाइदिन राष्ट्रिय महिला आयोगसमक्ष गुहार

**मध्यान्ह संवाददात**
काठमाडौं, १६ साउन

महिला अधिकारवादी संस्थाहरूले वैदेशिक रोजगार अन्तर्गत घरेलु कामदारको श्रम स्वीकृति नदिने सरकारी निर्णय परिवर्तनका लागि राष्ट्रिय महिला आयोगमार्फत आग्रह गरेका छन् । मंगलबार घरेलु कामदार सरोकार समाज नेपाल तथा पौरखी नेपालले संयुक्तरूपमा महिला आयोगकी सदस्य कृष्ण कुमारी पौडेल खतिवडालाई छुट्टाछुट्टै ध्यानाकर्षण पत्र बुझाउँदै उक्त माग गरेका हुन् ।

घरेलु कामदार सरोकार समाज नेपालका अध्यक्ष किशन प्रधानले वैदेशिक रोजगारीका नाममा मानव तस्करी र असुरक्षित हुने भन्दै महिलाहरूलाई वैधानिकरूपले जाने प्रक्रिया रोक्दा नेपाली महिला मानव तस्करीमा परेकाले नेपाल सरकारले तत्कालै आफ्नो पुरानो निर्णय परिवर्तन गरी श्रम स्वीकृति खुला गर्न ढिला भइसकेको बताए ।

अध्यक्ष प्रधानले गन्तव्य मुलुकसँग दुई पक्षीय श्रम सम्झौता वा समझदारी गरेर मात्र वैदेशिक रोजगारमा घरेलु कामदार पठाउन अनुमति दिन सक्ने व्यवस्था गरिएको, तर दुई पक्षीय श्रम सम्झौता वा समझदारीको कुनै पहल नभएको बताए । अध्यक्ष प्रधानले हाल प्रतिबन्ध रहेपनि नेपाली महिला कामदार इराक, दुबई, कुर्दिस्तानलगायतका मुलुकमा अवैज्ञानिक र असुरक्षितरूपमा घरेलु कामदारका रूपमा काम गरिरहेको बताए । पौरखी नेपालकी सल्लाहकार मञ्जु गुरूङले वैदेशिक रोजगारीलाई पृष्ठ २ मा



### युद्धग्रस्त मुलुकमा वैदेशिक रोजगारीमा नजानू : परराष्ट्र

**काठमाडौं / मस-** परराष्ट्र मन्त्रालयले युद्धग्रस्त मुलुकमा वैदेशिक रोजगारीमा नजान आग्रह गरेको छ । मन्त्रालयले मंगलबार विज्ञप्ति जारी गर्दै युद्धग्रस्त क्षेत्रमा सुरक्षासम्बन्धी काममा जाँदा जोखिम आइपर्दा तत्कालै गर्नुपर्ने आपत्कालीन उद्धारको कार्य कठिन हुने भन्दै उक्त आग्रह गरेको हो ।

युक्रेनसँगको युद्धमा नेपाली युवा रसियाली सेनामा भर्ना भएको अपुष्ट खबर आइरहेको बेला परराष्ट्र मन्त्रालयले उक्त आग्रह गरेको हो । नेपाली नागरिकहरू पृष्ठ २ मा

# लालबहादुर विकले पाए न्याय



**अस्मिता बम / मध्यान्ह**
काठमाडौं, १६ साउन ।

बिना इजाजत बैंक तथा वित्तीय कारोबार र ठगी गरेको आरोपमा जेल परेका लालबहादुर विश्वकर्माले सफाइ पाएका छन् । उच्च अदालत विराटनगरले विश्वकर्मासहित तीन जनालाई सफाइ दिएको हो ।

उच्च अदालत विराटनगरका न्यायाधीशद्वय विपुल न्यौपाने र मिलनकुमार राईको संयुक्त इजलासले लाल बहादुर विश्वकर्मालाई बिना इजाजत बैंक पृष्ठ २ मा



मध्यान्ह
www.madhyanhadaily.com
१७ साउन २०८०, बुधबार
2 August 2023, Wednesday

# परराष्ट्रमन्त्रीसँग समावेशीबारे जानकारी लिँदै समिति



**काठमाडौं/मस–** ससदीय सुनुवाइ समितिले प्रस्तावित छ राजदूत सिफासिका सम्बन्धमा उठेको समावेशीको मुद्दाका विषयमा परराष्ट्रमन्त्रीसँग परामर्श गर्ने निर्णय गरेको छ ।

समितिले विभिन्न मुलुकका लागि प्रस्तावित राजदूत र नियोग प्रतिनिधि उपर परेका उजुरीको अध्ययनपछि समावेशीका विषयमा मन्त्रीलाई आगामी बैठकमा बोलाएर जानकारी लिने निर्णय गरेको हो ।

सरकारले परराष्ट्र सेवामा रहेका सहसचिव लोकबहादुर थापालाई (न्यूयोर्कस्थित नेपाली स्थायी नियोग प्रतिनिधि), रामप्रसाद सुवेदी (स्वीट्जरल्याण्ड), सुधीर भट्टराई (फ्रान्स), घनश्याम लम्साल (कुवेत), तेजबहादुर क्षेत्री (संयुक्त अरब इमिरेट्स) र धनबहादुर ओलीलाई (थाइल्याण्ड)का लागि राजदूत प्रस्ताव गरी सुनुवाइका लागि समितिमा पठाएको थियो ।

परराष्ट्रमन्त्रीसँग जानकारी लिएपछि समितिले प्रस्तावित राजदूतसँग योग्यता, कार्यदेश, अवधारणा र सोचबारे जानकारी लिनेछ ।

यसअघि समितिले उहाँहरुको र ाजदूतमा नियुक्तिका सम्बन्धमा कुनै गुनासो वा उजुरी भए १० दिने सार्वजनिक सूचना जारी गरेकामा पाँच वटा उजुरी परेका थिए । उजुरीमध्ये एउटा संविधानको मर्म र भावनाअनुरुप समावेशी सिद्धान्तबारे प्रश्न उठाइएको थियो ।

बैठकमा सदस्यहरुले समावेशीसम्बन्धी प्रश्नबारे सम्बन्धित पक्षसँग जानकारी माग गर्नुपर्ने तथा उजुरीका नाममा प्रस्तावित राजदूतको मानमर्दन हुने बिनाआधार र प्रमाण दोषारोपण गर्ने प्रवृत्तिलाई रोक्न जरुरी रहेको सुझाव प्रस्तुत गरे । पेशेवर व्यक्तिबाट दिइने यस्ता न्यूनतम आधार र प्रमाण नपुगेको उजुरी हाल्नेलाई नबोलाउने विषय बैठकमा सदस्यहरुबीच सहमति भएको छ ।

ज्येष्ठ सदस्य ज्ञानेन्द्रबहादुर कार्कीले जस्तो व्यक्ति सिफारिस गरेपनि सदर गर्ने हुलाक कार्यालयको स्ट्याम्प जस्तो समितिलाई बनाउन नहुने धारणा राखे । उनले भने, 'राष्ट्रिय एकताका लागि समावेशीता आवश्यक छ, समावेशीताका विषयमा समितिको चासोबारे परराष्ट्रमन्त्रालयलाई पत्र पठाउनुपर्छ । दूतावास खाली नराखौं, यथाशीघ्र सुनुवाइ अघि बढाऔं ।'

# सबै नेपालीलाई निःशुल्क स्वास्थ्य सेवा दिने आधार तयार गर्छुः स्वास्थ्यमन्त्री



**काठमाडौं/मस–** स्वास्थ्य तथा जनसंख्यामन्त्री मोहनबहादुर बस्नेतलआगामी पाँच वर्षभित्र संविधानमा उल्लेख भएको स्वास्थ्यसम्बन्धी मौलिक हक कार्यान्वयन गर्नेगरी सबै नेपालीलाई निःशुल्क स्वास्थ्य सेवा दिने आधार तयार पार्ने बताएका छन् । उनले आगामी दुई वर्षमा न्यूनआय भएका गरिब, विपन्न र निमुखा जनतालाई सबै किसिमका स्वास्थ्य सेवा निःशुल्क गराउने समेत स्पष्ट पारे ।

मंगलबार मन्त्रालयमा उनले स्वास्थ्य सेवा निःशुल्क गर्न आवश्यक रकम धूमपान, मध्यपान, सुर्तिजन्य पदार्थ, गुलियो पेयपदार्थ र जंक फुडजस्ता खाद्य तथा पेयपदार्थमा कर बढाएर जुटाइने बताए । मन्त्री बस्नेतले भने, 'यसमा सबैको साथ र सहयोगको अपेक्षा गरेका छौं ।'

आफूले मन्त्रालयको नेतृत्व सम्हालेपछि मन्त्रालयको भौतिक पूर्वाधार व्यवस्थित र सरसफाइ गर्न लगाएको, मौलिक हकअनुसारको आधारभूत सेवा निःशुल्क गर्न सबै अस्पतालमा १० प्रतिशत शय्या उपचारसहित निःशुल्क गने व्यवस्था कार्यान्वयन गरेको, अनावश्यक रुपमा उपकरण खरिद गरी हुने गरेका बेथिति नियन्त्रण गरी व्यवस्थित गरेको, बहिरंग सेवामा अनलाइन टिकटको व्यवस्था गरेको र बिहान ८ बजेदेखि नै थालनी गरेकोलगायतका सुधार गरेको उनले जानकारी गराए ।

उनले अस्पतालका औषधि पसलमा पनि नियमित अनुगमन गरिएको बताए । पहुँचवाला करिब आठ सय स्वास्थ्यकर्मी कर्मचारीले लामो समयदेखि केन्द्रीय र प्रदेश राजधानीका साथै सुविधा सम्पन्न सहरमा काजमा बस्दै आएकोमा उनीहरुलाई दुर्गम र मुलुकका सबै स्थानमा पठाउन शुरु गरिएको समेत बताए ।

स्वास्थ्य क्षेत्रमा विभिन्न सुधार गरी यस क्षेत्रमा थिति बसालेको उनले दाबी गरे । आफूलाई यस काममा प्रधानमन्त्री पुष्पकमल दाहाल 'प्रचण्ड'ले राम्रो काम गरेको भन्दै थप हौसला प्रदान गरेको उनको भनाइ थियो ।

# कालीमाटीमा जारी किसान सञ्जालको धर्ना स्थगन



**काठमाडौं/मस–** कालीमाटी फलफूल तथा तरकारी बजार विकास समितिका स्टललाई प्रतिस्पर्धाका माध्यमबाट भाडामा लगाउने विषयमा समिति र राष्ट्रिय किसान सञ्जालका प्रतिनिधिबीच कार्यदल बनाइ समस्या समाधान गर्ने सहमति भएको छ ।

कृषि तथा पशुपक्षी विकासमन्त्री डा बेदुराम भुसालको उपस्थितिमा भएको वार्तामा सो सहमति जुटेको अखिल नेपाल किसान महासंघका अध्यक्ष डा. प्रेम दंगालले जानकारी दिए । सहमतिमा समितिका तर्फबाट समितिका अध्यक्ष मदन भुजेल र सञ्जालका तर्फबाट सञ्जालका संयोजक नेपाल किसान महासंघका सभापति गणेशचन्द्र तिमिल्सिनाले हस्ताक्षर गरेका छन् ।

सहमतिसँगै समितिको परिसरमा हुँदै आएको धर्ना स्थगन भएको छ । कृषि तथा पशुपक्षी विकास मन्त्रालयका सहसचिवको नेतृत्वमा बन्ने कार्यदलमा सञ्जालका प्रतिनिधि पनि रहनेछन् । सञ्चालले गत असार २४ मन्त्री भुसाललाई भटेरे ती विषयमा ध्यानाकर्षण गराएको थियो ।

# फैलियो हेपाटाइटिस




**बैतडी/मस–** बैतडीको पाटन नगरपालिका-४ चिल्लेपानीमा भाइरल हेपाटाइटिस फैलिएको छ । यहाँका १९ जनामा भाइरल हेपाटाइटिस देखिएको हो । एकै घरका तीन बालबालिकामा भाइरल हेपाटाइटिस भेटिएपछि गाउँमा खोज गर्दा थप १६ जनामा यस्तो लक्ष्यण देखिएको स्वास्थ्य कार्यालयका प्रमुख योगेशप्रसाद भट्टले जानकारी दिए ।

भाइरल हेपाटाइटिस देखिएका तीन बालबालिकामध्ये एकजनालाई थप उपचारका लागि धनगढी पठाइएको र दुई जनाको जिल्ला अस्पतालमा उपचार भइरहेको उनले बताए । गाउँका तीन बालबालिका उपचारका लागि जिल्ला अस्पताल आउँदा हेपाटाइटिस देखिएको थियो । प्रमुख भट्टले भने, 'उपचारका लागि आएका बालबालिकामा हेपाटाइटिस पुष्टि भएपछि गाउँमै गएर परीक्षण गरिएकामा थप १६ जनामा पनि सङ्क्रमण पुष्टि भएको छ ।'

स्वास्थ्य कार्यालय र नगरपालिकाले संयुक्तरुपमा भाइरल हेपाटाइटिसका बिरामीहरु खोजी गरिरहेको छ । भाइरल हेपाटाइटिस प्रकोपका रुपमा नफैलियोस् भन्ने उद्देश्यले बिरामीहरु खोजी गरी उपचार गर्न लागिएको उक्त कार्यालयले जनाएको छ ।

दूषित पानी, खानपानलगायत प्रयोगका कारण भाइरल हेपाटाइटिस हुने गर्दछ । भाइरल हेपाटाइटिस भएका बिरामीहरुमा ज्वरो आउने, पेट दुख्ने, बान्ता हुने, खान मन नलाग्ने, जन्डिस हुने, पिसाबमा रगत देखिनेजस्ता लक्षणहरु देखापर्ने गरेका छन् । यो रोगबाट बच्न शुद्धीकरण गरेको पानी मात्रै प्रयोग गर्नुपर्नेमा स्वास्थ्यकर्मीहरुले जोड दिएका छन् ।

नगरपालिका-४ मा भाइरल हेपाटाइटिसका बिरामी भेटिएपछि सो ठाउँमा रहेका खानेपानीका मुहानको पानी परीक्षणका लागि नमुना सङ्कलन गरिएको स्वास्थ्य कार्यालयका प्रमुख भट्टले बताए ।

## सत्ताका...

साथ नपाएपछि गठबन्धनले सभामुख बाबुराम गौतमको राजीनामा गराएको हो । राजीनामा गर्न तयार नभएपछि उनको पार्टी माओवादी केन्द्रका अध्यक्ष तथा प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डले गौतमसंग संवाद गरेका थिए । गौतमको राजीनामाले ९३ सदस्यीय प्रदेश सभामा गठबन्धनलाई सरकार बनाउन आवश्यक बहुमत ४७ सांसद पुगेका छन् ।

गठबन्धनले सभामुख गौतमलाई राजीनामा गराएर संविधानको धारा १६८ को उपधारा २ अनुसारको सरकार बनाएको हो । अब फेरि मुख्यमन्त्री थापाले ३० दिनभित्र विश्वासको मत लिनुपर्छ ।

मुख्यमन्त्री थापाले सत्तारुढ गठबन्धनमा छलफल गरेर उपयुक्त समयमा विश्वासको मत लिने प्रतिक्रिया दिएका छन् । 'संविधानमा व्यवस्था भए अनुसार ३० दिनभित्र लिने हो, हाम्रो सरसल्लाह हुन्छ, छलफल गर्छौं र उपयुक्त समय निश्चित गरेर विश्वासको मत लिन्छौं' उनले भने ।

विश्वासको मत पाउने सम्भावना छ भन्ने प्रश्नमा मुख्यमन्त्री थापाल 'गठबन्धनमा बहुमत पुगेको' जवाफ दिए । हाल उपसभामुख एमालेकी सुनिताकुमारी दनुवार रहेकी छन् । उपसभामुखले समेत राजीनामा दिएमा ज्येष्ठ सदस्यको रुपमा कांग्रेसका गयानन्द मण्डलले सभाको अध्यक्षता गर्नुपर्ने हुन सक्छ ।

साथसाथै, मुख्यमन्त्री थापाले आफ्नो सरकार ४ वर्षसम्म चल्ने दाबी गरे ।

## संवैधानिक...

संवैधानिक प्रावधान खण्डित भएको छ। न्यायपरिषद्ले प्रधानन्यायाधीशका लागि योग्यता पुगेका न्यायाधीशहरुको सूची संवैधानिक परिषदमा पठाइसकेको छ । न्यायपरिषद्ले पठाएको सूचीबाट संवैधानिक परिषद्ले प्रधानन्यायाधीश सिफारिस गर्ने अभ्यास छ । समयमै प्रधानन्यायाधीश नियुक्ति नभएको यो पहिलोपटक भने होइन । तत्कालीन प्रधानन्यायाधीश गोपालप्रसाद पराजुलीलाई न्यायपरिषद्ले नै बर्खास्त गरेपछि दीपकराज जोशीले तीन महिनासम्म कायममुकायम भएर सर्वोच्चको नेतृत्व गरेका थिए। संसदमा महाभियोग प्रस्ताव दर्ता भएपछि तत्कालीन प्रधानन्यायाधीश चोलेन्द्रशमशेर राणा निलम्बनमा परेपछि सर्वोच्च अदालत सबैभन्दा लामो समयसम्म कायममुकायमको भरमा चल्यो भने उनी निलम्बनकै अवस्थामा उमेर हदका कारण सर्वोच्चबाट बिदा हुनुपर्‍यो ।

यसरी न्यायपालिका नेतृत्वविहीन हुने क्रमसँगै धेरै अदालतमा न्यायाधीशको नियुक्ति कार्य प्रभावित बनेको छ । लामो समयसम्म सबै तहका अदालतमा न्यायाधीश नियुक्तिको प्रक्रिया अघि बढ्न सकेको छैन । १८ उच्च अदालतमा मुख्य न्यायाधीशसहित ४३ न्यायाधीशको दरबन्दी र जिल्ला अदालतमा ३६ न्यायाधीशको दरबन्दी रिक्त छ । दिपायल उच्च अदालतबाहेक अन्य सबै उच्च अदालत कामुको भरमा सञ्चालन हुँदै आएको छ ।

## अघि..

प्रस्तावित ऐनमा स्थानीय तहले आधारभूत शिक्षा वा माध्यमिक शिक्षा प्रदान गर्ने विद्यालय संचालन गर्दा वा संचालन गर्ने अनुमति प्रदान गर्दा त्यस्तो विद्यालयमा अध्ययनरत छात्रछात्राको संख्याको अनुपातमा आवश्यक संख्यामा शिक्षकको बन्दोबस्त सुनिश्चित गर्नु पर्ने उल्लेख छ ।

शिक्षकको योग्यताको विषयमा जुनसुकै कुरा लेखिएको भए तापनि यो ऐन प्रारम्भ हुँदाका वखत तत्काल प्रचलित कानून बमोजिम योग्यता पूरा गरी नियुक्ति भएका आधारभूत तह वा माध्यमिक तहका शिक्षक वा विशेष शिक्षा प्रदान गर्ने शिक्षकले यसै ऐन बमोजिम योग्यता पूरा गरेको मानिने ऐनमा उल्लेख गरिएको छ ।

ऐन जारी भैसकेपछि विद्यालयका शिक्षकको नियुक्ति शिक्षक सेवा आयोगको सिफारिसमा सम्बन्धित स्थानीय तहले गर्ने, विद्यालय शिक्षकको सरुवा, काज, बढुवा वा विभागीय कारबाही प्रदेश कानून बमोजिम हुने उल्लेख छ ।

२०७५ साल साउन १ गते अघि कायम रहेका शिक्षकको पारिश्रमिक र सुविधा त्यस्तो शिक्षकले पाइरहेको पारिश्रमिक तथा सुविधाभन्दा प्रतिकूल हुने गरी कानूनी व्यवस्था गर्न नसकिने व्यवस्था प्रस्तावित ऐनमा उल्लेख गरिएको छ ।

## घरेलु...

सुरक्षित र मर्यादित बनाउन तथा विदेशमा नेपालीहरुको हक अधिकारको संरक्षण गर्न आवश्यक भएपनि महिला भएकै कारण रोजगारी र स्वतन्त्रतापूर्वक आवागमनको संविधान प्रदत्त अधिकार उपभोगमा अंकुश लगाउने कार्य न्यायोचित नभएको बताइन् ।

पौरखी नेपालले आयोगलाई ध्यानाकर्षण गराएको पत्रमा प्रतिबन्ध समस्याको समाधान नभएको भन्दै प्रतिबन्धले मानव अधिकारको विश्वव्यापी घोषणापत्र, दिगो विकासका लक्ष्यहरू, नेपालको संविधानले गरेको रोजगारको अधिकार हनन गरेको उल्लेख गरेको छ ।

त्यसैगरी उक्त संस्थाले महिला घरेलु कामदारको श्रम स्वीकृतिमा निरन्तर प्रतिबन्ध लगाउँदा विमानस्थलमा सेटिङ गर्ने गिरोह, बिचौलिया र मानव तस्करहरूलाई फाइदा पुर्‍याइरहेको र महिलाहरूलाई अझै जोखिमपूर्ण, तनावपूर्ण तथा अनावश्यक अतिरिक्त शुल्क तिर्नुपर्ने बाध्यात्मक अवस्थामा आर्थिक शोषणलगायतका विविध हिंसाको शिकार हुनुपर्ने बताएको छ । यसका साथै महिलाहरु राज्यका सुविधाबाट बञ्चित हुने खेदजनक अवस्था सिर्जना भएको पनि संस्थाले बताएको छ। घरेलु कामदार सरोकार समाजले प्रतिबन्ध लगाएपछि विशेषगरी खाडी मुलुक कुवेत, ओमान, यूएई, कतार, बहराइनलगायतका देशहरुमा कामका लागि नेपाली महिलाहरु त्रिभुवन अन्तर्राष्ट्रिय विमानस्थलबाट सेटिङ र भारत, श्रीलंका तथा म्यानमारको अवैध बाटो हुँदै दैनिक सरदर न्यूनतम दुई सय जना, महिनामा ४२ सय र वार्षिक ५० हजार बढी गैरकानूनीरुपमा गइरहेको बताएको छ ।

संस्थाले विदेशी महिला आयोग, गैर सरकारी संस्था तथा महिला अधिकारवादी संस्थाहरुको पहलमा भारतीय प्रहरीहरुले नेपाली महिलाहरुलाई विदेशी भूमिबाट जोखिमपूर्ण गैरकानूनी विदेश यात्राको क्रममा उद्धार गरी फर्काइएको विगतको घटनालाई नेपाल सरकारले सामान्यरुपमा लिइ बेवास्ता गरेको बताएको छ । त्यस्ता घटनाहरुलाई विगतका वर्षहरुदेखि नै अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरुले प्राथमिकताका साथ घरेलु कामका लागि नेपाली महिलाहरुलाई विदेश जान रोक लगाएकाले नेपाली महिलाहरुको तस्करी भएको समाचार सम्प्रेषण गरीरहँदा पनि जानेलाई रोक्न पनि नसक्ने, वैधानिक बाटो पनि खुला नगर्ने सरकारको नीतिप्रति सबै सरोकारवालाहरुको विरोध रहेको पनि संस्थाको भनाइ छ ।

समाजले घरेलु कामदारको श्रम स्वीकृति रोक्दा खुला रहेको अवधि २०६७ देखि २०७१ सालसम्म गएका घरेलु महिला कामदार नेपाल आएर पुनः जान समस्य रहेकोमा पनि आयोगको ध्यानाकर्षण गराएको छ । दुवै संस्थाका ध्यानाकर्षण पत्र बुझ्दै आयोग सदस्य खतिवडाले प्रतिबन्ध फुकाउन आयोगका तर्फबाट अधिकतम प्रयास गर्ने आश्वासन दिइन् ।

## युद्धग्रस्त...

सम्झौताअन्तर्गत केही मित्रराष्ट्रहरूको राष्ट्रिय सेनामा बाहेक अन्य विदेशी सेनामा भर्ना हुन नपाउने पनि मन्त्रालयले स्पष्ट पारेको छ ।

## लालबहादुर...

तथा वित्तीय कारोबार र ठगीको दुवै मुद्दामा सफाइ दिएको हो ।

बिना इजाजत बैंक तथा वित्तीय कारोबारमा भने कृष्ण बहादुर विश्वकर्मा गजमेर र सीता विश्वकर्मालाई पनि सफाइ दिइएको छ । दीपक विश्वकर्माको हकमा भने बिना इजाजत बैंक तथा वित्तीय कारोबार र ठगीको दुवै मुद्दामा दोषी ठहर गर्दै सुनसरी जिल्ला अदालतकै फैसला सदर गरिएको छ ।

२०७५ असार २० मा बचतकर्ता सुकमित गुरुङसहित नौ जनाले २०७२ सालदेखि सञ्चालनमा आएको सिंहदेवी ज्वेलर्सविरुद्ध ५२ लाख ६६ हजार रुपैयाँ ठगी गरेको भन्दै उजुरी हालेका थिए । जिल्ला अदालत सुनसरीमा त्यही ज्वेलर्सविरुद्ध अर्को मुद्दा दर्ता भयो । अदालतमा २ सय ७५ जनाबाट १० हजारदेखि १० लाख रुपैयाँसम्म रकम लिएर ठगी गरेको मुद्दा सिंहदेवी ज्वेलर्सविरुद्ध थियो । मुद्दा पर्नुभन्दा अढाई वर्ष अगाडिदेखि सोही ज्वेलर्समा कालिगडका रूपमा कार्यरत लालबहादुर विकलाई समेत विपक्षी बनाइएको थियो । उक्त मुद्दामा २०७८ पुस १९ गते आएको फैसलामा १८ करोड ८४ लाख ६६ हजार रुपैयाँ बिगो कायम भयो भने उनलाई ३ करोड १४ लाख ३३ हजार रुपैयाँ बिगो, ७० हजार जरिमाना र तीन वर्ष जेल सजाय सुनाइएको थियो ।

उक्त मुद्दामा ज्वेलर्सका सञ्चालक तथा मुख्य प्रतिवादी दीपक गजमेर छन् भने अन्य प्रतिवादीमा सीता विश्वकर्मा, कृष्णबहादुर विश्वकर्मा, कमल विश्वकर्मा र उनै लालबहादुर विक छन् । त्यसमध्ये लालबहादुर उक्त ज्वेलर्समा काम गर्ने कालिगड मात्रै थिए । लालबहादुर विश्वकर्मा निर्दोष व्यक्ति रहेको अदालतबाहिर समेत यो विषय चर्चामा थियो भने अन्य प्रतिवादीहरुले समेत निर्दोष रहेको बयान दिएका थिए । यसलाई समेत आधार बनाएर उच्च अदालत विराटनगरले लालबहादुर विश्वकर्मा सहितका तीन जालाई सफाइ दिएको हो ।

# सिरहामा एक युवकको शव फेला



**लहान/मस–** सिरहाको गोलबजारमा २५ वर्षीय एक युवकको शव फेला परेको छ । गोलबजार नगरपालिका-२ गागन खोलाको पश्चिम किनारमा मंगलबार बिहान एक युवकको शव फेला परेको सिरहा प्रहरीले जनाएको छ ।

गागन खोलाकिनारको झाडीमा शव देखेपछि स्थानीयले प्रहरीलाई खबर गरेका थिए । शवको प्रकृति हेर्दा हत्या गरी फालिएको जस्तो देखिएको प्रहरीको प्रारम्भिक अनुमान छ । टाउकामा चोट लागेको र घाँटीमा गम्छा बाँधिएको अवस्थामा शव भेटिएकाले हत्या भएको हुन सक्ने गोलबजार इलाका प्रहरी कार्यालयले जनाएको छ ।

जिल्ला प्रहरी कार्यालयका प्रवक्ता (डिएसपी) रवीन्द्रराज पाण्डेले अन्यत्र कतै हत्या गरी शव झाडीमा फालिएको हो कि भन्ने आशंका गरिएको छ । उनका अनुसार घटनाको सम्बन्धमा थप अनुसन्धान भइरहेको छ ।

**Hatuwagadhi Rural Muncipality**
**Office of Rural Municipal Execcutive**
**Ghodetar, Bhojpur**
**Koshi Province, Nepal**

**Notice to open Financial Bids**

**Date of publication: 2080/04/17**

1. Persuant to Rule 31(nga), Sub Rules 5 of the Public Procurement Regulation 2064(including amendments), this is here by notified to all concerned bidders who bidded as per our notice published on 2080/01/24 on Madhyanha Daily that the list of the successful bidders in technical proposal of Contract No, HRM/CW/09/079-080 , Construction of Hatuwagadhi Rural Municipality Administrative Building have been listed below.

| S.No. | Contract Identification Number | Work Description/ Name of Project | Technically Successful Bidders |
|---|---|---|---|
| 1.0 | HRM/CW/ 09/079-080 | Construction of Hatuwagadhi Rural Municipality Administrative Building | 1. UD Chetana JV, Bhojpur.<br>2. Bright Bull Nirman Sewa, Dharan.<br>3. P.M.K.- Key West JV, Kathmandu.<br>4. Koju Engineering And Builders Pvt. Ltd.,Bhaktapur.<br>5. NCNriman sewa, Kavre.<br>6. Susham Aaditya - Raut JV, Udaypur.<br>7. Sagarmatha-RS JV, Bhaktapur. |

2. All The Qualified Bidders in Technical Bids Are Therefore notice to send their authorized representatives for financial bid opening of bids on **2080/04/24 at 11:00** AM in the office of **Hatuwagadhi Rural Municipality.**

**Chief Administrative Officer**

रौतहट डायरी
प्रेमचन्द्र झा/मध्यान्ह

# चिनी मिलको सम्पत्ति अनधिकृत लिलामी प्रक्रियाबारे गरुडामा छलफल



सयौंको संख्यामा रोजगारी दिएको श्रीराम सुगर मिल विलयको बाटोमा पुगेको छ। देशमा तीनै सरकार स्थानीय, प्रदेश र संघीय सरकारको लापरबाहीले उक्त मिल ध्वस्त हुन लागेको आरोप लाग्न थालेको छ।

विशाल ग्रुपको स्वामित्वमा रहेको श्रीराम सुगर मिल्स लिमिटेडको लिलामी प्रक्रिया अनाधिकृत रहेको विषयमा छलफल गरिएको छ।

श्रीराम सुगर मिलले ऋण नतिरेपछि नेपाल बैंक लिमिटेडले उद्योग लिलामी प्रक्रिया अघि बढाएको थियो। शिवशक्ति ग्रुपले सो लिलामी साकार गरेको हो। यसै विषयलाई लिएर मध्य रौतहटको गरुडा स्थित आर्शिवाद गेष्ट हाउसमा जनप्रतिनिधिहरु तथा सरोकारवालाहरुसँग अन्तरक्रिया गरिएको छ। उखु उत्पादक संघ रौतहटको आयोजनामा मंगलबार भएको कार्यक्रममा उद्योग सञ्चालकद्धारा अनाधिकृत लिलामी प्रक्रियाबारे छलफल गरिएको हो। संघका अध्यक्ष अशोक प्रसाद यादवको अध्यक्षतामा सो छलफल गरिएको हो।

बैठकबाट ज्ञापनपत्र बुझाउने, वृहत् आमभेला गर्ने र कमिटी गठन गर्ने निर्णय गरिएको संघका अध्यक्ष यादवले बताए। मिल सञ्चालकले अनाधिकृत रुपले मिल कवाड भनि टेण्डर प्रक्रिया बढाएकोलाई खारेज गरी मिल पुनः सञ्चालन गर्न, गराउनको लागि साउन २२ गते जनप्रतिनिधि र किसानहरुको रोहवरमा ज्ञापनपत्र बुझाउने निर्णय गरिएको हो। साथै मिललाई जोगाउनको लागि जिल्लाको चारै निर्वाचन क्षेत्रको संघीय, प्रदेश सांसद र स्थानीयहरुसँग सहकार्य गरी साउन २७ गते शनिबारका दिन श्रीराम सुगर मिलको प्रागणमा आम भेला गरी मिल जोगाउन आगामी नीति तय गर्ने सर्वसहमतीबाट निर्णय गरिएको हो।

बैठकबाट अशोक प्रसाद यादवको नेतृत्वमा ९ सदस्यीय कमिटी पनि गठन गरिएको छ। जसको कमिटीमा अनिल कुमार यादव, प्रेम शंकर राय यादव, राजकुमार दास तत्मा, विजय यादव, रामविनोद जयसवाल, शेख मसहर र श्याम सहनी रहेका छन्।

सो अवसरमा जिल्ला समन्वय समिति रौहतटका सभापति रामअयोध्या यादव, पूर्व मन्त्री गोविन्द चौधरी, नेपाली कांग्रेसका जिल्ला सभापति एवम् प्रदेश सांसद सुनिल कुमार यादव, गरुडा नगरपालिकाका नगरप्रमुख कन्थमनी जयसवाल, गुजराका नगरप्रमुख सन्तलाल चौधरी, गरुडा नगरपालिकाकी उपप्रमुख पुनम चौधरी, गरुडाका मेयर प्रत्यासी ब्रिज किशोर यादवसहित जनप्रतिनिधिहरु तथा सरोकारवालाहरुको सहभागिता रहेको थियो।

# गढीमाई नगरलाई नमूना बनाउन ज्ञापनपत्र बुझाइने




रौतहट गढीमाई नगरपालिकालाई नमूना नगर बनाउन ज्ञापनपत्र बुझाइने भएको छ। केही स्थानीयहरुले प्रेस विज्ञप्ति जारी गर्दै ज्ञापनपत्र बुझाइने जानकारी गराएका हुन्। विज्ञप्तिमा गढीमाई नगरपालिका लगायत वडा नम्बर ५ मदनपुरमा वडाभित्रको सबै टोल र ठाउँबाट सबै प्रकारका गरिबी र भोकमरीको अन्त्य गर्ने, खाद्य सुरक्षा तथा उन्नत पोषण सुनश्चित र दिगो कृषिको प्रवर्द्धन गर्न, सबै उमेर समूहका व्यक्तिका लागि स्वस्थ्य जीवन सुनिश्चित गदै समृद्ध जीवन प्रवर्द्धन गर्न, सबैका लागि समावेशी तथा समतामूलक गुणस्तरीय शिक्षा सुनिश्चित र जीवनपर्यन सिकाइका अवसरहरु प्रवर्द्धन गर्न माग गरिने उल्लेख छ। यस्तै लैंगिक समानता हासिल गर्ने र सबै महिला, किशोरी र बालिकालाई सशक्त बनाउने, सबैका लागि स्वच्छ पानी र सरसफाइको उपलब्धता तथा दिगो व्यवस्थापन सुनिश्चित गर्न, सबैका लागि किफायती विश्वसनीय, दिगो र आधुनिक उर्जामा पहुँच सुनिश्चित गर्ने, भरपर्दो, समावेशी र दिगो आर्थिक वृद्धि तथा सबैका लागि पूर्ण र उत्पादनमूलक रोजगारी र मर्यादित कामको प्रवर्द्धन गर्न माग गरिने जनाइएको छ।

साथै उत्थानशील पूर्वाधारको निर्माण, समावेशी र नवीन खोजलाई प्रोत्साहन गर्ने व्यक्ति र व्यक्ति तथा समाजमा असमानता घटाउने तथा मानव बसोबासलाई समावेशी, सुरक्षित, उत्थानशिल र दिगो बनाउने, दिगो उपभोग र उत्पादन प्रणाली सुनिश्चित गर्ने, जलवायू परिवर्तन र यसको प्रभाव नियन्त्रण गर्न तत्काल पहल थाल्ने, दिगो विकासका लागि स्रोतहरुको दिगो प्रयोग तथा संरक्षण गर्ने स्थलीय पर्यावरणको संरक्षण, पुनर्स्थापना र दिगो उपयोगको प्रवर्द्धन गर्न, दिगो विकासको लागि शान्तिपूर्ण र समावेशी समाजको प्रवर्द्धन गर्न, सबैको न्यायमा पहुँच सुनिश्चित गर्न र सबै तहमा प्रभावकारी, जवाफदेही र समावेशी संस्थाको स्थापना गर्न, दिगो विकासका लागि विश्वव्यापी साझेदारी सशक्त बनाउन र कार्यान्वयनका लागि स्रोत साधन सुदृढ गर्न माग गरिने जनाइएको छ।

# विपन्नलाई एम्बुलेन्स भाडा

ईश्वर विश्वकर्मा/मध्यान्ह
चरिकोट, १६ साउन



दोलखाको भीमेश्वर नगरपालिका-५ ले आर्थिक रुपमा विपन्न बिरामीलाई एम्बुलेन्स भाडा प्रदान गर्ने भएको छ।

वडाले आर्थिक रुपमा कमजोर व्यक्ति बिरामी भएमा काठमाडौंसम्मको एम्बुलेन्स भाडा उपलब्ध गराउने भएको हो।

आफ्नो वडाका विपन्न बिरामीलाई उपचारको लागि काठमाडौं जानुपर्ने पर्ने भएमा एम्बुलेन्स भाडा बापत ५ हजार रुपैयाँ प्रदान गर्ने वडाले जनाएको छ। वडाध्यक्ष बासु श्रेष्ठले मंगलबार वडा समितिको बैठकले विपन्न पहिचान भएका बिरामीलाई काठमाडौंसम्मको एम्बुलेन्स भाडा प्रदान गर्ने निर्णय भएको बताए।

विपन्न बिरामीलाई उपचार सेवा लिन सहज होस् भनेर बैठकले सो निर्णय गरेको उनले बताए। वडाध्यक्ष श्रेष्ठले बिरामीलाई काठमाडौं लैजानु अघि वडा कार्यालयमा जानकारी गराई निवेदन दिएमा एम्बुलेन्स भाडा बापत रकम उपलब्ध गराउन सिफारिस गरिने जानकारी दिए। रकम अभावकै कारण विपन्न नागरिकलाई उपचार सेवाबाट वञ्चित भई अकालमा मृत्युवरण गर्न नपरोस् भन्ने उद्देश्यले उक्त निर्णय गरिएको वडा समितिले जनाएको छ। एम्बुलेन्स भाडा प्रदान गर्न वडाले ५० हजार रुपैयाँ बजेट विनियोजन गरेको छ।

# मिर्गौला रोगबाट पीडित दुलाललाई श्रृजना टोल विकास समितिको सहयोग



**काठमाडौं/मस**–दुवै मिर्गौला फेल भएर उपचाररत काठमाडौं टोखा नगरपालिका वडा नं. १ का नवराज दुलाललाई आर्थिक सहयोग प्राप्त भएको छ। काठमाडौं टोखा १० स्थित श्रृजना टोल विकास समितिले दुलाललाई आर्थिक सहयोग गरेको हो।

दुलाललाई सहयोग गर्न समाजसेवी एवम् संस्थाका उपाध्यक्ष कमल ढकालको महत्वपूर्ण भूमिका रहेको छ। दुलालको कमजोर अवस्था बारे झोर महाँकालका समाजसेवी दीपेन्द्र तिवारीले ढकालसमक्ष पुर्याएका थिए। दुवै मिर्गौला फेल भएर लामो समयदेखि उपचार गराइरहेका दुलाल हप्तामा दुई पटक डाइलासिस गर्दै आएका छन्।

उनलाई अस्पताल जानसमेत समस्या भएको, घरमा श्रीमती पनि बिरामी भइरहने र साना दुई बच्चालाई पढाउनसमेत धौ-धौ भएको भन्दै टोल विकास समितिले सहयोग गरेको हो। सहयोग बुझ्दै दुलालले टोल विकास समितिलाई धन्यवाद व्यक्त गरे।

**JAPAN र KOREA मा काम गर्न जान लाग्नुभएको छ ?**

**यहाँ** JAPAN **र** KOREA **मा काम गर्न जाने नेपाली श्रमिकहरुका लागि विशेष दुईदिने ओरियन्टेशन क्लासका साथै मेडिकल जाँच पनि गरिन्छ ।**

Kathmandu Orientation (P) Ltd.
Nippon Medical Center (P) Ltd.
नयाँ बसपार्क, माछापोखरी चोक, काठमाडौं
**सम्पर्क:** 01-4958923 / 01-4952044
**मो:** 9741818340 ( WhatsApp/Viber )

## रंगेली नगरपालिका
## नगर कार्यपालिकाको कार्यालय
**रंगेली, मोरङ**
**कोशी प्रदेश, नेपाल**

### प्रबिधिक सहायक पदपूर्ति गर्ने सम्बन्धी सूचना

**(प्रथम पटक प्रकाशित : २०८०/०४/१७)**

यस नगरपालिकामा संचालित रोजगार सेवा केन्द्रका लागि आवश्यक प्राबिधिक सहायक १ (एक) पद खुला प्रतिस्पर्धाबाट करारमा पदपुर्तिका लागि निम्न बमोजिम योग्यता पुगेका इच्छुक नेपाली नागरिकले १५ दिनभित्र माग बमोजिमका विवरण र राजश्व तिरेको रसिद सहित यस कार्यालयमा निवेदन पेश गर्न यो सूचना प्रकाशन गरिएको छ।

| क्र.स. | विज्ञापन नं. | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | ०१/०८०/०८१ | प्राबिधिक सहायक | स्थानीय सेवाको सहायक पाँचौ तह सरह | १ |

१. **आवश्यक न्यूनतम योग्यता र अनुभव :-**
क. सिभिल ईन्जिनियरिङ्गमा प्रवीणता प्रमाणपत्र तह वा ओभरसियर वा डिप्लोमा तह उतीर्ण भएको,
ख. दरखास्त दिने अन्तिम मितिमा १८ बर्ष पुरा भई ४५ बर्ष ननाघेको,
ग. आधारभूत कम्प्युटर सीप सम्बन्धी कम्तीमा ३ महिनाको तालिम लिएको,
घ. पुर्बाधारको निर्माण र मर्मतका लागि आयोजनाको लागत अनुमान, सुपरिवेक्षण र अन्तिम लागत बिबरण तयार गर्न सक्ने र बिश्लेषण गर्न सक्ने, आयोजनाको लक्ष्य र परिणाम हासिल गर्न टोलीमा ६ महिना काम गरेको अनुभव भएकोलाई ग्राह्यता दिइनेछ।
२. दरखास्त दिने स्थान :- रंगेली नगरपालिका।
३. दरखास्त दिने अन्तिम मिति :- २०८०/०४/३१ गतेसम्म।
४. आवेदनको दस्तुर :- रु ५००।- (पाँच सय मात्र)
५. छनौटको किसिम :- प्रारम्भिक योग्यताक्रमको सूची प्रकाशन र लिखित परीक्षा तथा प्रयोगात्मक परीक्षा।
६. आबेदन साथ संलग्न गर्नुपर्ने कागजातहरु :- आवेदक स्वयम्ले प्रमाणित गरेको देहाय बमोजिमको कागजातको प्रतिलिपिहरु
क. नागरिकता
ख. न्यूनतम योग्यताको लब्धाङ्क प्रमाणपत्र
ग. चारित्रिक प्रमाणपत्र
घ. तालिमको प्रमाणपत्र
ङ. अनुभव भए सोको कागजात
च. २ प्रति पासपोर्ट साइजको फोटो
७) सेवा सुबिधा तथा अन्य : स्थानीय तहमा प्राबिधिक सहायक र रोजगार सहायक पदपूर्ति सम्बन्धी मापदण्ड, २०७८ को दफा १३ र १४ बमोजिम हुनेछ।

**(पुनश्च : आवेदनको ढाँचा र प्रबिधिक सहायक पदको कार्यबिबरण, पाठ्यक्रम लगायत अन्य जानकारी रंगेली नगरपालिकाको वेवसाईट www.rangelimun.gov.np बाट प्राप्त गर्न सकिनेछ ।)**

## सभापोखरी गाउँपालिका
## गाउँ कार्यपालिकाको कार्यालय
**बाह्रबिसे, संखुवासभा**
**कोशी प्रदेश, नेपाल**

### करार सेवा पदपूर्ति सम्बन्धी सूचना

**प्रथम पटक सूचना प्रकाशित मितिः (२०८०/०४/१७)**

यस सभापोखरी गाउँपालिका गाउँकार्यपालिकाको कार्यालय संखुवासभाको मिति २०८०/०४/१२ गते बसेको कार्यपालिका बैठक निर्णय निम्नानुसारको पदहरुमा कर्मचारी सेवा करारमा पदपूर्ति गर्नुपर्ने भएको हुनाले तपसिल बमोजिमको योग्यता पुगेका इच्छुक नेपाली नागरिकहरुबाट यो सूचना प्रकाशित मितिले एकाइस (२१) दिनभित्र रितपुर्वक दरखास्त पेश गर्नुहुन सार्वजनिक सूचना आह्वान गरिन्छ।

| बिज्ञापन नं | पद | तह | माग संख्या | परिक्षाको किसिम | कामकाज गर्ने निकाय | तलब स्क्केल | दरखास्त दस्तुर | कैफियत |
|---|---|---|---|---|---|---|---|---|
| ०५-०८०/०८१ | कृषि अधिकृत | अधिकृत छैठौं | १ जना | लिखित र अन्तर्वार्ता | सभापोखरी गाउँपालिका गाउँ कार्यपालिकाको कार्यालय बाह्रविसे संखुवासभा | नेपाल सरकारको नियम अनुसार | १,०००।०० | |

**तपसिलः**
१. उम्मेदवारको उमेर हदः दरखास्त दिने मितिसम्म २१ वर्ष पुरा भई ३५ वर्ष ननाघेको हुनुपर्ने।
२. दरखास्त बुझाउने अन्तिम मितिः सूचना प्रकाशन भएको मितिले एकाइस (२१) दिनभित्र र उक्त दिन सार्वजनिक विदा परेमा कार्यालय खुलेको दिन।
३. दरखास्त बुझाउने स्थानः सभापोखरी गाउँपालिकाको कार्यालय, बाह्रवसे, संखुवासभा।
४. न्यूनतम शैक्षिक योग्यताः
(क) नेपाल सरकारबाट मान्यतप्राप्त विश्वविद्यालय वा शौक्षिक संस्थाबाट कृषि विज्ञान विषयमा स्नातक तह उत्तीर्ण भएको हुनुपर्नेछ।
५. दरखास्तको फारमः दरखास्त फारम यस सभापोखरी गाउँपालिकाको कार्यालय र website: www.savapokharimun.gov.np.
६. परिक्षा संचालन सम्बन्धी जानकारीः दरखास्त दिने म्याद समाप्त भएपछि सूचना प्रकाशन गरिनेछ वा फोन मार्फत सम्पर्क गरिनेछ।
७. आबेदनको लागि संलग्न गर्नुपर्ने कागजातहरुः शैक्षिक योग्यताको प्रमाणपत्रको प्रतिलिपि, कार्य अनुभवको प्रमाणपत्रको प्रतिलिपि, नेपाली नागरिकताको प्रतिलिपि, हालसालै खिचिएको पासपोर्ट साइजको फोटो ३ प्रति र राजश्व रसिद।
८. यस सम्बन्धी थप जानकारीका लागिः सभापोखरी गाउँपालिकाको कार्यालय र सम्पर्क नं ९८४२११३४५९।

**नोटः परीक्षा प्रणालि लोक सेवा आयोगबाट निर्धारण भए बमोजिम हुनेछ ।**

**प्रमुख प्रशासकीय अधिकृत**

GET YOUR eVISA FOR MALAYSIA
Authorized by Government of Malaysia for Visa Processing
Hello Travels Pvt. Ltd.
Say Hello ! to your Destination
Metro Park Building, Third Floor, Uttar Dhoka
Lazimpat-2, Kathmandu, Nepal
+977-1-4419871
+977-9808819329 / 9818827005/ 9746459621
nepal.oscegmail.com
थप जानकारीको लागि
QR SCAN गर्नुहोस्
You are one SCAN away from getting your VISA!
TRAVEL THE WORLD
Best Airfare and Wide Variety of Choices
Harvest Moon Travel and Tours (P.) Ltd.
Harvest Moon Building, Gairidhara,
Naxal, Kathmandu, Nepal
+977-1-4415574 / 4415526 / 4415517 / 4415442
harvestmoonemos.co.np
www.harvestmoongroup.com

मध्यान्ह
www.madhyanhadaily.com
१७ साउन २०८०, बुधबार
2 August 2023, Wednesday

सम्पादकीय

## फेरि अर्को गल्ती

कोशी प्रदेशमा सरकार बनाउन सत्तारूढ दल नेकपा माओवादी केन्द्रले सभामुख बाबुराम गौतमलाई पदबाट राजीनामा गराएका छन् । माओवादी केन्द्रका अध्यक्ष एवम् प्रधानमन्त्री पुष्पकमल दाहाल प्रचण्डको निर्देशनमा गौतमले अडानबाट पछि हट्दै पदबाट राजीनामा दिए । गौतमले राजीनामा गरेपछि नेपाली कांग्रेसका नेता उद्धव थापा मुख्यमन्त्री नियुक्त भएका छन् । गौतमलाई कांग्रेसका २९, माओवादी केन्द्रका १३, नेकपा एकीकृत समाजवादीका ४ र जनता समाजवादी पार्टीका एक सांसदको समर्थन छ । ९३ सदस्यीय प्रदेशसभामा यो संख्या बहुमत अर्थात् ४७ हो । गौतमले सभामुखबाट राजीनामा गरेपछि माओवादी सांसदका हैसियतमा मुख्यमन्त्री थापालाई समर्थन दिएका छन् । तर पनि थापा नेतृत्वको सरकार टिक्ने आधार तयार हुन सकेको छैन । किनकि विपक्षी दल नेकपा एमालेबाट उपसभामुख निर्वाचित उर्मिला दुनुवारलाई पनि राजीनामा गराउने चर्चा चलिरहेको छ ।

दनुवारले पदबाट राजीनामा दिएमा सभा सञ्चालन गर्ने व्यक्तिको खोजी हुनेछ भने कुनै एक पक्षसँग प्रष्ट बहुमत नपुग्न सक्छ । यदि त्यस्तो अवस्था आएमा अहिले सभामुखबाट राजीनामाको अर्थ नरहन सक्छ । अझ सत्ताकै लागि सभामुखबाट राजीनामा गराएको नजीर समेत बनेको छ । कोशीको सत्ता बनाउन सभामुखबाट राजीनामा आएकै बिहान मंगलबार प्रधानमन्त्री प्रचण्डले सुदूरपश्चिम प्रदेशका उपसभामुख फेर्ने सहमति गरेका छन् । नागरिक उन्मुक्ति पार्टीसँग प्रचण्डले गरेको सहमति कार्यान्वयन गर्दा एमाले पृष्ठभूमिका उपसभामुख कोइलीदेवी चौधरीलाई पदमुक्त गर्नुपर्ने हुन्छ । संविधानले सभामुख/उपसभामुख जस्ता संवैधानिक पदबाट कसैलाई हटाउन प्रदेशसभामा दुई तिहाइ बहुमत जुटाउन आवश्यक छ । नागरिक उन्मुक्तिको साथ पाउँदा सुदूरपश्चिममा चौधरीलाई उपसभामुखबाट हटाउन संसदीय गणित पुग्नेछ ।

तर उपसभामुख हटाउनुपर्ने औचित्य पुष्टि गर्न प्रधानमन्त्री र सत्तारूढ गठबन्धनलाई सजिलो हुनेछैन । किनकि संवैधानिक पदबाट कसैलाई हटाउन उक्त पदको गरिमा जोगाउन नसकेको प्रस्ताव प्रदेशसभामा प्रस्तुत गर्नुपर्नेछ । तर प्रचण्डले नाउपासँग गरेको सहमति कार्यान्वयन गर्दा चौधरीबाट पदको गरिमामा कायम राख्न नसकेको तथ्य भेटिनेछैन । किनकि कोशीका सभामुख र सुदूरपश्चिमका उपसभामुखलाई पदबाट हटाउने निर्णय ती व्यक्तिहरूले पदको गरिमा नराखेर होइन, सत्ता टिकाउन र बनाउनका निम्ति हुँदैछ । तसर्थ प्रधानमन्त्री प्रचण्डबाट भएको यो गल्ती हो । कोशीमा निर्णय भइसकेको छ, तर सुदूरपश्चिममा अझै सोच्ने समय छ । यसबारे प्रधानमन्त्री प्रचण्डले विवेकपूर्ण निर्णय लिन आवश्यक छ ।

# संस्थागत विकासमा रणनीतिक व्यवस्थापन

*नेपालको परिप्रेक्ष्यमा न त रणनीतिक योजना बनेको हुन्छ न त यसको अनुगमन र मूल्यांकन नै यथार्थको धरातलमा रहेर गरिएको छ, जसले गर्दा अपेक्षित प्रतिफल प्राप्त गर्न सकिएको छैन ।*

अग्रलेख



● डा. दिबाकर वशिष्ठ



रणनीतिक व्यवस्थापन भनेको कुनै पनि संगठनको लक्ष्य प्राप्तिको लागि सबै मिलेर उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोग गर्दै प्रतिस्पर्धात्मक फाइदा लिनु हो । संगठनात्मक विकास बिना जनताको मुहारमा खुसी आउँदैन न त उत्पादकत्व र नाफा नै उच्च हुन्छ । नेपालको परिवेश हेर्दा, राजनीतिक नेतृत्व जताततै चुकेको देखिन्छ । एकातर्फ, मिसनमा चुकेको देखिन्छ भने अर्कोतर्फ कार्यान्वयन पक्ष आकाशको फल आखा तरी मर भन्ने उखान जस्तै अवस्थामा रहेको छ । असम्भव कुरालाई भोलि नै सम्भव हुन्छ भने जस्तो गरी राखिएको दुरदृष्टि कार्यान्वयन गर्न समय सुहाउँदो कार्यान्वयनको तालिका, बजेट, स्रोत र साधन एवम् दक्ष र उत्प्रेरित कर्मचारीतन्त्र पनि हुनुपर्नेमा त्यस्तो हुन सकेन ।

रणनीतिक व्यवस्थापन बदलिँदो वातावरणअनुरूप व्यवस्थितरूपमा संगठनको योजना, व्यवस्थापन र उपलब्ध स्रोत र साधनको उच्चतम प्रयोगद्वारा संगठनको लक्ष्य र उद्देश्य हासिल गर्नु हो । यो संगठनको रणनीतिक मुल्यांकन हो र आन्तरिक र बाह्य कियाकलापको सुक्ष्मरूपमा समय-समयमा अनुगमन र मुल्यांकन गर्दै प्रतिस्पर्धात्मक फाइदाको लागि उपलब्ध स्रोतको कत्तिको परिचालन भयो भन्ने कुरा यसले हेर्दछ । नेपालको परिप्रेक्ष्यमा न त रणनीतिक योजना बनेको हुन्छ न त यसको अनुगमन र मुल्यांकन नै यथार्थको धरातलमा रहेर गरिएको छ, जसले गर्दा अपेक्षित प्रतिफल प्राप्त गर्न सकिएको छैन ।

रणनीतिक व्यवस्थापन जुनसुकै संगठनमा उत्तिकै आवश्यकता पर्दछ, जहाँ व्यवस्थापकीय अवधारणा संयोजन हुने गर्दछ । स्रोत र साधनको उच्चतम परिचालनद्वारा उद्देश्य प्राप्त गर्ने कला नै व्यवस्थापन हो । समग्र अवस्थाअनुसारको कार्य पद्धती, वातावरणअनुसारको रणनीति, निरन्तरता लक्ष्य निर्देशित कार्यहरुबाट तुलनात्मक लाभ लिन अधिकांश संस्थाहरु चुकेको देखिन्छ । प्रतिस्पर्धात्मक लाभको लागि रणनीति जरुरी छ । परेटोको भनाईअनुसार पनि रणनीति बिना २० प्रतिशत खर्च गरेर ८० प्रतिशत कमाउन सकिँदैन । यसको लागि एकातर्फ व्यवस्थापकहरुमा दुरदर्शी सोच, पारदर्शी लक्ष्य र उद्देश्य हुनुपर्दछ अर्कोतर्फ, लक्ष्य र उद्देश्यको कार्यान्वयन गर्न कर्मचारी उत्प्रेरणा थप जरुरी छ । कर्मचारी किन धेरै भर्ना गरियो, उचित व्यक्ति, उचित कार्य र उचित स्थान हुन सक्यो कि सकेन, कार्यरत कर्मचारीलाई पर्याप्त काम दिन सकियो कि सकिएन, हाल भएका कर्मचारीको कार्य विशिष्टिकरणको आधारमा कार्य विवरण तयार गरियो कि गरिएन, प्रति कर्मचारी उत्पादकत्वको लेखाजोखा भयो कि भएन भन्नेतर्फ ध्यान दिनुको अलावा कर्मचारीले संस्थागत आफ्नो दायित्व नबुझ्दा आर्थिक असन्तुलन भयो, अपेक्षित सेवा प्रवाह भएन र प्रति कर्मचारी उत्पादकत्व घट्यो भन्नु नाच्न नजान्नेले आँगन टेडो भनेजस्तै हो ।

आम कर्मचारीमा चर्चा परिचर्चा भइरहेको छ र अधिकांशको बुझाईमा संस्थागत रणनीति राजनीतिबाट प्रभावित भएको हुँदा हालको रणनीतिक व्यवस्थापनले संस्थागत विकास हुँदैन भन्नेहरुको बाहुल्यता देखिन्छ । आज सार्वजनिक संस्थानको प्रभावकारितामा प्रश्न उठिरहेको छ । प्रथम पञ्चवर्षीय योजनादेखि हाल पन्ध्रौं योजनासम्म पुग्दा पनि राज्य सत्तामा रहने व्यक्ति र कर्मचारीतन्त्रमा लक्ष्य प्राप्तिको लागि संस्थागत रणनीतिमा ध्यान दिनुपर्दछ साथै, नीति बनाएर मात्र हुँदैन, यसको कार्यान्वयन गर्नुपर्दछ अनि मात्र संस्थाको उत्पादकत्व बढ्दछ भन्नेतर्फ पर्याप्त ध्यान दिएको देखिएन । पन्ध्रौं योजनासम्म आइपुग्दा योजनाले लक्षित गरेका उद्देश्य प्राप्ति नगण्य देखिनु र जनगुनासो घट्नुको सट्टा झनै बढ्दै जानुले विश्व स्तरको तुलनामा नेपालको संस्थागत रणनीति धेरै ठाउँमा चुकेको देखिन्छ ।

आज राष्ट्रिय गौरवका आयोजना भनौ वा एउटा संगठनभित्रको सुधार सबैमा नीति धेरै, काम थोरै भएको कारण जनतामा चरम निराशा देखिएको हो । सरकारका विभाग वा संस्थागत विकासमा व्यवस्थापकीय रणनीति कमजोर छ भन्नुमा अत्युक्ति नहोला । राष्ट्रिय तथा अन्तराष्ट्रिय बजारमा वस्तु तथा सेवाको गुणस्तर र बजार व्यवस्थापनमा प्रतिस्पर्धा तिव हुँदै गएको कारण देशमा रणनीतिक व्यवस्थापनको महत्व दिन प्रतिदिन बढ्दै गएको छ । दीर्घकालिन उद्देश्य पूरा गर्न, वातावरणीय पक्षको सबल र दुर्बल अवस्थाको पहिचान गर्न, व्यवसायको अवसर र चुनौतिको विश्लेषण गर्दै दीर्घकालिन सोच बनाउन, उत्पादकत्व र नाफा बढाउन, सिघ्र निर्णयको लागि, जनस्तरमा गुणस्तरीय सेवा दिन, जनताको मुहारमा हाँसो र खुसी ल्याउन, भविष्यको व्यवसायिक अनिश्चितताको न्यूनीकरण गर्न, जोखिमलाई कम गर्दै पोर्टफोलियो व्यवस्थापन गर्नसमेत रणनीतिक व्यवस्थापनको महत्व र उपादेयता दिन प्रतिदिन बृद्धि हुँदै गइरहेको छ ।

*हामीले विश्वबाट सिकेर रणनीति बनाउने क्रममा उत्कृष्ट त बनाउँछौं, तर हाम्रो ज्ञान, सीप, कला र संस्कृति तीव्र खस्कँदो छ, राजनीतिक अस्थिरता एवम् समयअनुकुल सोचको अभावले कार्यान्वयनको अवस्था पुछारमा रहेकोप्रति सम्बन्धित निकाय बेलैमा सचेत हुन जरुरी छ । प्रतिस्पर्धात्मक, व्यावसायिक र समय सुहाउँदो रणनीतिले मात्र संस्थागत विकास हुन्छ र यो बिना आत्मनिर्भर अर्थतन्त्रको परिकल्पना मिथ्या हुनेछ भन्ने बुझ्न आवश्यक छ ।*

संस्थालाई दिगो, प्रतिस्पर्धी र वातावरणमैत्री बनाउन रणनीतिक व्यवस्थापनको अहम् भूमिका हुन्छ । निजी क्षेत्रका केही कम्पनीले अन्तराष्ट्रिय अभ्यासको सिको गर्दै रणनीतिक व्यवस्थापनलाई आत्मसाथ गरेको भएता पनि सरकारको विभाग, मन्त्रालय र स्वामित्वमा रहेका संघसंस्थाहरुमा रणनीतिक व्यवस्थापनको सुरुवात कमजोर अवस्थामा देखिएको कारण सरकारको स्वामित्वमा रहेका धेरै सार्वजनिक संस्थाहरु प्रतिस्पर्धी अवधारणालाई अगाडि बढाउन असक्षम देखिए । कतिपयलाई नीजिकरण गरिएको भनिएता पनि समस्या ज्यूका त्यूँ रहनुले रणनीतिक व्यवस्थापनलाई चुनौति दिएको देखिन्छ ।

संस्थागत, व्यवसायिक र कार्यान्वयन अर्थात् संगठनात्मक व्यवस्थापनको तीन वटै तहमा उच्च, मध्यम र तल्लो तहदेखि नै रणनीति बनाउने, प्रभावकारी कार्यान्वन र नियन्त्रणको उत्तिकै जरुरी पर्नेमा केन्द्रिय तहबाट के निर्णय हुन्छ भन्ने कुरा अन्योल छ । पर्ख र हेरको संस्कृति कर्मचारीतन्त्रमा मौलाएको हुँदा नेपालका अधिकांश सरकारी स्वामित्वको संघ, संगठन वा देशको विभाग र मन्त्रालयमा समेतको सेवा प्रवाह जनचाहना बमोजिम न त चुस्त र दुरुस्त छ न त उत्पादनमुखी र गुणस्तरीय नै छ ।

एक अनुसन्धानका अनुसार नेपालका केही सरकारी र अर्धसरकारी संगठनहरुका प्रमुख कार्यकारी अधिकृतहरुको दृष्टिकोणमा रणनीतिक व्यवस्थापन भनेको कम्पनीको उद्देश्य प्राप्तीको गेम प्लान हो, जसले यसअनुरूप प्रतिस्पर्धी भएर काम गरेमा सेवाग्राहीलाई छिटो छरितो गुणस्तरीय सेवा र वस्तु दिइ संगठनको उत्पादकत्व बढाउन सकिन्छ । साथै, ग्राहक खुसी बनाउन पनि सकिन्छ भन्ने देखिन्छ । यदि संगठनमा नियमित कर्मचारीसँग छलफल गरी कम्पनीको सबल, दुर्बल पक्ष एवम् अवसर र चनौतिको बारेमा छलफल हुन्छ, त्यसबाट भविष्यको नीति निर्माण र निर्णय प्रक्रियालाई सहजीकरण गर्दछ र स्रोत र साधनको उच्चतम परिचालन गर्न सकिन्छ भन्ने रहेको देखिन्छ । तर, सँगै यही प्रकारको अनुसन्धान ग्राहक वा सेवाग्राहीसँगको प्रत्यक्ष भेटघाटबाट प्राप्त सूचना र सम्बन्धित संगठनको वित्तीय विवरण र कार्यसम्पादन मुल्यांकन विवरण हेर्ने हो भने पहिला गरिएका प्रतिबद्धता, बनाइएका रणनीतिले अपेक्षित सफलता हासिल गरेको कहिँ कतै देखिँदैन । तसर्थ, रणनीतिक योजना र कुरालाई कागजी गफको पोको भन्नेहरु मनग्य छन्, नेपालको संगठनात्मक व्यवस्थापनको रणनीति क्रमशः उद्देश्य हाँसिल गर्नमा र जनअपेक्षा पूरा गराउनमा चुकेको छ । त्यसो त कतिपय नीजि क्षेत्रका संस्थाहरु जसमा कुनै भिजन, मिसन, उद्देश्य र रणनीति छैन, एकै जनाले सबै नीतिगत कुराहरुको नियन्त्रण गर्ने पद्धति र परम्परामा पारिवारिक व्यवसायिक घरानाको नाम अग्र पंक्तिमा लिन सकिन्छ । यस्तो अवस्थाको संस्थाहरुमा केही समय अन्तरालमा मनग्य नाफा र उत्पादकत्व बढिरहेको देखिन्छ । तापनि अन्ततोगत्वा दीर्घकालिन सोच र रणनीतिक व्यवस्थापन बिनाको कम्पनी कुनै पनि बेला कमजोर हुनसक्ने तर्फ समयमै सचेत हुन जरुरी छ ।

हामीले विश्वबाट सिकेर रणनीति र नीतिहरु बनाउने कममा उत्कृष्ट त छौं तर, हाम्रो ज्ञान, सीप, कला, र संस्कृती तिब्र ब्रेन ड्रेन, राजनीतिक अस्थिरता एवम् समयअनुकुल सोचको अभावले कार्यान्वयनको अवस्था पुछारमा रहेकोप्रति सम्बन्धित निकाय बेलैमा सचेत हुन जरुरी छ । प्रतिस्पर्धात्मक व्यवसायिक र समय सुँहाउदो रणनीतिले मात्र संस्थागत विकास हुन्छ र यो बिना आत्मनिर्भर अर्थतन्त्रको परिकल्पना मिथ्या हुनेछ । आत्मनिर्भर अर्थतन्त्रको पहिलो शर्त सुशासन हो । रणनीतिक व्यवस्थापनको प्रभावकारी कार्यान्वयनको लागि चुस्त दुरुस्त कर्मचारीतन्त्र, मितव्ययी अर्थतन्त्र, सुशासन, हस्तक्षेपरहित सार्वजनिक प्रशासन, नियमित अनुगमन र नियन्त्रण, दण्डहिनताको अन्त्य, दुरदर्शी र व्यवसायिक नेतृत्व, भ्रष्टाचार र अनियमिततामा शून्य सहनसिलता, भाषणभन्दा काममा बढी जोडलगायतमा बढी ध्यान दिन सकेमा संगठनात्मक विकास तथा रणनीतिक व्यवस्थापनद्वारा प्रतिस्पर्धात्मक फाइदा लिने कुरा टाढा छैन भन्नुमा कसैको दुई मत नहोला ।

**(लेखक बैंक तथा वित्तीय क्षेत्रका विज्ञ हुन् ।)**

## सामाजिक सञ्जाल



**- रञ्जित तामाङ**

निर्वाचन आयोगमा बुझाउनु पर्ने निर्वाचनको खर्च विवरण फेसबुकमा हालेर चुप लाग्ने, अनि आयोगले जरिवाना डाम्दा डाँको छोड्दै अदालत धाउने ? रास्वपाका माननीय ज्यूहरू ! तपाईंहरूको सपथको व्यहोरा पनि निर्वाचन आयोगले आफ्नो फेसबुक पेजमा हालेर चुप लागेको भए के हुन्थ्यो ? ठीकै हुन्थ्यो ?



**- डम्मर खतिवडा**

प्रदेशहरुमा बारम्बारको सरकार परिवर्तन, अस्थीरता, मन्त्रालय तोडफोड, भागबन्डा, आलोपलो र अहिले कोशीमा जस्तो संवैधानिक संकटले प्रष्ट गर्छ, स्थानीय तहको मेयरजस्तै प्रत्यक्ष निर्वाचित गर्भनर चाहिन्छ । पालिका प्रमुख र उपप्रमुखको भेलालाई मान्यता दिएर प्रदेशसभा खारेज गर्दा हुन्छ ।



**- मुमाराम खनाल**

ठूला मान्छेसँग नाटक खेल्न सजिलो हुन्छ किनकी उनीहरूसँग नाटक गरेको र नाटक हेरेको पनि अनुभव हुन्छ । तर साना बच्चाहरूसँग नाटक गर्न न त सहज हुन्छ न वास्तविक ! नेताजी, नागरिकसँग नाटक नगर्नुस् । यो न त सहज हुन्छ, न वास्तविक !



**- राम कुमार श्रेष्ठ**

अनुशासन भएन भने न त घर बन्छ, न त समाज, न त देश नै । यत्रतत्र देखिने समस्याको कारण अनुसाशनहिनताको परिणाम हो । जे मन लाग्छ बोल्न र गर्न पाउनुलाई अधिकार ठान्नेले अधिकारको उपभोग गर्दा अरुको अधिकारको हनन नगरी गरिनुपर्छ भन्ने नबुझ्नाले समस्याको कारक बनिराखेका हुन्छन् ।

# भारतमा जनसंख्यासँगै बढ्दो बेरोजगारी संकट

टिप्पणी



● अश्विन ढुंगाना

*अर्थशास्त्रीहरु आगामी १० वर्षमा सात करोड रोजगारी सिर्जना गर्नुपर्ने बाध्यात्मक अवस्थामा भारत पुगेको बताउँछन् । तर सम्भावना त्यस्तो देखिन्न । अर्थशास्त्रीहरुकै आंकलनअनुसार भारतले बढीमा २.४ करोड मात्रै रोजगारी सिर्जना गर्नसक्ने सामर्थ राख्दछ अर्थात ४.६ करोड नयाँ बेरोजगार थपिनेछन् । यसको अर्थ भारतमा बेरोजगारीको समस्या डरलाग्दो गरी बढ्दैछ ।*

कोभिड महामारीको समयमा, भारतमा शहरी बेरोजगारी दर निकै अत्यास लाग्नेगरी बढेको थियो । तत्कालिन समय बेरोजगारी दर ५० प्रतिशतसम्म घटेको पाइयो । महामारीका बेला तिव्र घटेको बेरोजगारी दर अहिलेसम्म पनि उभौं लाउन सकेको छैन । नयाँ रोजगारी सिर्जना नहुँदा बेरोजगारहरुको संख्या प्रत्येक वर्ष चुलिँदो छ ।

करिब एक अर्ब ४० करोड जनसंख्या भएको भारतले चीनलाई उछिन्दै विश्वको सबैभन्दा बढी जनसंख्या भएको देश बनेको छ । यस जनसंख्याको आधाभन्दा बढी अर्थात् करिब ५३ प्रतिशत ३० वर्षभन्दा कम उमेरका समूहका नागरिक छन् । भारतमा जनसंख्या-लाभको वर्षौंदेखि चर्चा हुँदै आएको छ, तर रोजगारी सिर्जना गराउन नसक्दा करोडौं युवा अर्थतन्त्रमा बोझ बनिरहेका छन् । एक आर्थिक अनुसन्धान एजेन्सीका अनुसार भारतमा प्रत्यक्ष र अप्रत्यक्ष बेरोजगारीको संकट चुलिँदो छ ।

रोजगारी दर घटिरह्यो भने आम्दानी कम हुन्छ र आम्दानी घट्यो भने युवा र बढ्दो जनसंख्याका लागि नयाँ रोजगारी सिर्जना गर्न सम्भावना उपलब्ध हुँदैन । अर्थशास्त्री जयती घोष जनसंख्याको बढ्दो दर भारतका निम्ति ज्वालामुखी भएको बताउँछिन् । "हामीसँग धेरै शिक्षित व्यक्तिहरू छन्, जसको परिवारले उनीहरूको शिक्षाको लागि पैसा खर्च गरेको छ, तर आज उनीहरूसँग जागिर छैन भन्ने कुरा धेरै डरलाग्दो छ । यो अर्थतन्त्रमा हुने सम्भावित क्षतिको प्रश्न मात्र होइन, यो सम्पूर्ण पुस्ताका लागि घाटाको कुरा हो ।"

### साना उद्योग ध्वस्त

भारतका प्रत्येक सहरहरूमा बेरोजगारी दर गम्भीर छ, जहाँ मुद्रास्फीति दोब्बर छ र रोजगार ग्यारेन्टी जस्ता सरकारी योजनाको कुनै कार्यक्रम छैन । अझै पनि, ग्रामीण क्षेत्रबाट ठूलो संख्यामा युवाहरू रोजगारीका लागि सहरतिर लागिरहेका छन् । २०२३ को जनवरीदेखि मार्चको त्रैमासिकमा बेरोजगारी दर ६.८ प्रतिशत थियो भने पूर्णकालिक काम गर्ने सहरी कामदारको संख्या डिसेम्बरमा ४८.९ प्रतिशतमा झरेको थियो । यो महामारी सुरु हुनु अघि ५०.५ प्रतिशत थियो । यसको मतलब देशको कुल काम गर्ने जनसंख्या अर्थात् १५ करोडमध्ये ७.३ करोड मानिससँग मात्रै पूर्ण समय काम छ । सहरी क्षेत्रमा पूर्ण समय काम गर्ने व्यक्तिहरूको लागि, मुद्रास्फीतिदर गणना गर्दा अप्रिल र जुनबीचको औसत मासिक तलब रू. १७ हजार हुन आउँछ । यो अक्टोबर-डिसेम्बर २०१९ को तुलनामा १.२ प्रतिशतले बढी हो, अर्थात् महामारी सुरु हुनु अघि ।

म्यासाचुसेट्स युनिभर्सिटीका अन्वेषकको अनुसन्धानले भन्छ कि आफ्नै रोजगारी गर्नेहरूको औसत मासिक आम्दानी अप्रिलदेखि जुन २०२२ को त्रैमासिक बीचमा मात्र १४ हजार रुपैयाँमा झरेको छ । यो अक्टोबर-डिसेम्बर २०१९ को क्वाटरमा १५ हजार थियो । २०१६ मा, भारत सरकारले देशको ८६ प्रतिशत मुद्रा नोटहरूलाई रद्दीको टुक्रामा रूपान्तरण गर्दै विमुद्रीकरणको घोषणा गऱ्यो । त्यो निर्णयले साना व्यापारीहरूलाई ठूलो चोट पुऱ्यायो, त्यसपछिको महामारीले सबैलाई संकटमा पुऱ्यायो । सरकारी तथ्यांकअनुसार २०२२-२३ मा दश हजारभन्दा बढी साना, साना तथा मझौला उद्योग बन्द भएका छन् । गत वर्ष ६ हजार उद्योग बन्द भएको छ ।

अर्थशास्त्रीहरु आगामी १० वर्षमा सात करोड रोजगारी सिर्जना गर्नुपर्ने बाध्यात्मक अवस्थामा भारत पुगेको बताउँछन् । तर, सम्भावना त्यस्तो देखिन्न । अर्थशास्त्रीहरुको आकंलनअनुसार भारतले बढीमा २.४ करोड मात्रै रोजगारी सिर्जना गर्नसक्ने सामर्थ राख्दछ अर्थात् ४.६ करोड नयाँ बेरोजगार हुनेछन् । यस परिप्रेक्ष्यमा हेर्दा ६.५ प्रतिशतको वृद्धिदरले भारतको बेरोजगारी समस्याको एक तिहाइ मात्रै समाधान हुनेछ । रोयर्टसको सहयोगमा

## तपाईंको राशिफल

- मेष : नयाँ कार्यमा सावधानी राख्नुहोला । प्रियजनसँग भेट हुने योग छ ।
- वृष : घरेलु जिम्मेवारीमा वृद्धि हुनेछ । यात्रा सफल हुनेछ ।
- मिथुन : दैनिक जीवन सुखी रहनेछ । विरोधी सक्रिय रहने योग छ ।
- कर्कट : आर्थिक कार्यहरुमा अनुकूल प्रगति हुनेछ । यश बढ्नेछ ।
- सिंह : व्यापारिक पक्ष सुदृढ हुनेछ । कृषिजन्य कार्यमा लाभ मिल्नेछ ।
- कन्या : नाता-गोतासँग मनमुटाव रहनेछ । हतारमा कुनै निर्णय नलिनु होला ।
- तुला : सम्मानमा वृद्धि हुनेछ । पैतृक सम्पत्ति प्राप्तिको योग छ ।
- वृश्चिक : धेरै लाभको कामना गर्नु हुँदैन । सकारात्मक सोंच राख्नुपर्छ ।
- धनु : स्वास्थ्य राम्रो रहनेछ । सुख समृद्धिमा वृद्धि हुनेछ ।
- मकर : पैतृक सम्पत्ति प्राप्तिको योग छ । उत्साह बढ्ने योग छ ।
- कुम्भ : खान-पानमाथि सन्तुलन राख्न जरुरी छ । वैदेशिक यात्रा सफल हुनेछ ।
- मीन : धेरै लाभको कामना गर्नु हुँदैन । नयाँ योजनाहरु तय हुनेछन् ।



*आचार्य श्री स्वामी ध्रुव (माइन्ड मैनेजमेन्ट गुरू)*
*इन्टरनेशनल एस्टोलोजिकल फोरम ।*
*सानेपा, काठमाडौं, नेपाल,*
*फोन : ९८४१५९२५५२,*
*इमेल : dhruvswamig@gmail.com*

# कर्मचारीलाई दुर्गमका स्थानीय तहमा खटाउँदै मन्त्री मोदी

**मध्यान्ह संवाददाता**
काठमाडौं, १६ साउन

संघीय मामिला तथा सामान्य प्रशासनमन्त्री अमन लाल मोदीले पहुँच र शक्तिको आडमा सिंहदरबार वरिपरिका कार्यालयमा मात्रै कार्यरत कर्मचारीलाई दुर्गमका स्थानीय तहमा खटाउन थालेका छन् । विद्यमान सरुवा प्रणालीको विकृति हटाउन लागिरहेका मन्त्री मोदीले सिंहदरबार वरीपरीका कार्यालयमा ३ वर्ष बढी समय बसेका कर्मचारीको सरुवा गर्दै दुर्गम क्षेत्रमा खटाउन थालेका हुन् । मन्त्री मोदी पदभार सम्हालेदेखि नै प्रशासनिक र व्यवस्थापकीय सुधारमार्फत सुशासन कायम गर्ने दिशामा अग्रसर छन् ।



प्रशासनिक सुधारका क्षेत्रमा दर्जनौं दूरगामी निर्णय गर्दै आएका मन्त्री मोदीले सरुवाको विद्यमान विकृति हटाउनका लागि आवश्यक सुझाव दिन भन्दै २०८० जेठ २९ गते सरुवा व्यवस्थापन कार्यदल गठन गरेका थिए । मन्त्री मोदीले सो कार्यदलले बुझाएको प्रतिवेदनमा समाविष्ट सुझाव कार्यान्वयन गर्न थालेका छन् ।

कार्यदलको सुझावअनुसार नै मन्त्री मोदीको निर्देशनमा मन्त्रालयले हालै मात्र दुर्गम क्षेत्रमा कार्यअवधि पूरा गरेकालाई सुगमको कार्यालय रोजेर र सुगम क्षेत्रमा कार्य अवधि पूरा गरेकालाई दुर्गम क्षेत्रको कार्यालय रोजेर निवेदन दिन आह्वान गरेको थियो ।

यससँगै मन्त्रालयले सुगम क्षेत्रमा कार्य अवधि पूरा गरेकाहरुलाई दुर्गम क्षेत्रमा खटाउन थालेको छ । जसअनुसार मन्त्रालयले बुधबार १४ जना उपसचिव र ८ जना शाखा अधिकृतको सरुवा गरेको छ ।

मन्त्रालयले श्रम, रोजगार तथा सामाजिक सुरक्षा मन्त्रालय वा अन्तर्गत्का कार्यलयमा कार्यरत उपसचिव खगेन्द्र सुवेदीको पाखिबास नगरपालिका धनकुटासहित अन्य जना उपसचिवको रौटहटका स्थानीय तहमा सरुवा भएको छ ।

त्यस्तै गृहमन्त्रालय वा अन्तर्गतका कार्यालयमा कार्यरत उपसचिव चोमेन्द्र न्यौपानेको मैलौली नगरपालिका बैतडीमा सरुवा भएको छ । यसैगरी उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत्का कार्यालयमा कार्यरत उपसचिव श्रीधर गौतमको शिखर नगरपालिका डोटीमा र भौतिक पूर्वाधार तथा यातायात मन्त्रालयका उपसचिव सोमराज बरालको गोडैता नगरपालिका सर्लाहीमा सरुवा भएको छ ।

यस्तै सिंहदरबार वरिपरिका ८ जना शाखा अधिकृतको पनि दुर्गमका स्थानीय तहमा सरुवा भएको छ । गृह मन्त्रालय वा अन्तर्गतका कार्यालयमा कार्यरत शाखा अधिकृत सुशील कुमार भण्डारीको सिदिङ्वा गाउँपालिका, ताप्लेजुङसहित गृहकै अन्य ३ जना शाखा अधिकृतको विभिन्न स्थानीय तहमा सरुवा भएको छ ।

उद्योग, वाणिज्य तथा आपूर्ति मन्त्रालय वा अन्तर्गत्का कार्यालयमा कार्यरत शाखा अधिकृत हरिजंग चन्दको जुनीचाँदे गाउँपालिका जाजरकोटसहित उद्योग मन्त्रालयका अन्य २ जना शाखा अधिकृतको विभिन्न स्थानीय तहमा सरुवा भएको छ ।

यसअघिदेखि नै मन्त्री मोदीले पहुँच नभएकै कारणले विकटको विकट क्षेत्रमा रहिरहनुपर्ने कर्मचारीको बाध्यता अन्त्य गर्ने बताउँदै आएका छन् । मन्त्री मोदीले निमित्त प्रमुख प्रशासकीय अधिकृत हटाउनेदेखि मन्त्रालयले खटाएका प्रमुख प्रशासकीय अधिकृतलाई हाजिर नगराउने स्थानीय तहको खाता रोक्का समेत गरेका थिए ।

# गाँजासहित दुई जना पक्राउ

**सत्येन्द्र प्रताप सिंह/मध्यान्ह**
रौतहट, १६ साउन

प्रहरीले सर्लाहीको बागमती नगरपालिकाबाट १० किलो गाँजासहित दुई जनालाई पक्राउ गरेको छ । बागमतीस्थित इलाका प्रहरी कार्यालयले नियमित चेकजाँच गर्ने क्रममा पश्चिमबाट पूर्वतर्फ गइरहेका प्रदेश-३-०१-०२२ च ६५१५ नम्बरको कारको डिक्कीबाट १० किलोग्राम गाँजा बरामद गरेको हो ।



गाडी चालक रौतहट गरुडा नगरपालिका वडा नं ८ का ४० वर्षीय रामानन्द साह तथा कारमा सवार चन्द्रपुर वडा नं ५ का २६ वर्षीय मनिष चौधरीलाई कार, गाँजासहित नियन्त्रणमा लिइएको जिल्ला प्रहरी कार्यालय सर्लाहीले जनाएको छ ।

पक्राउ परेका दुवै जनालाई इलाका प्रहरी कार्यालय हरिवनको हिरासतमा राखेर लागुऔषध ओसारपसार ऐनअन्तर्गत मुद्दामा मलंगवा अदालतबाट म्याद थप गराएर आवश्यक अनुसन्धान भइरहेको जिल्ला प्रहरी कार्यालय सर्लाहीका प्रवक्ता एवम् प्रहरी नायव उपरीक्षक दिपेन्द्र पंजियारले जानकारी दिए ।


# शैल्यशिखरमा जगन्नाथ कृषि समूहमा हालिएको १० लाख हिनामिना

**दिपक बाबू साउँद/मध्यान्ह**
दार्चुला, १६ साउन

गत आर्थिक वर्ष २०७९/८० मा शैल्यशिखर नगरपालिका-५ को जगन्नाथ कृषि समूहको नाममा विनियोजन गरिएको १० लाख रुपैयाँ बजेट हिनामिना भएको पाइएको छ । नगरपालिकाबाट विनियोजित १० लाख रुपैयाँ बजेटले कुनै कार्यक्रम, योजना नै सञ्चालन नभएपछि वडावासी स्थानीयहरुले उजुरी दिनुका साथै जानकारी माग गरेका थिए ।

गत वर्ष उक्त बजेट व्यवस्थापन तथा सामग्री खरिदका लागि भनेर विनियोजन गरिएको नगरपालिकाले जनाएको छ । नगरपालिकाको कृषि शाखाका अनुसार बीउ बिजन खरिद, पोलि हाउसलगायत थोपा सिँचाइ, ड्रम खरिदका लागि अनुदानस्वरुप १० लाख रुपैयाँ विजियोजन गरिएको र आवश्यक बिल पेश हुँदा भुक्तानी गरिएको हो । त्यो रकम जनप्रतिनिधिहरुको मिलेमतोमा हिनामिना भएको बुझिएको छ ।

जगन्नाथ कृषि समूहका अध्यक्ष पुस्कर रावलले यसमा आफ्नो केही दोष नभएको भन्दै वडा अध्यक्ष र एमाले



कार्यकर्ताले आफ्नो समूहको कागजात मागेको र नक्कली बिल बनाइ भुक्तानी लिएको बताए । उनले आफ्नो कृषि समूहमा आएको ९ लाख ८० हजार रुपैयाँ बुझाइ सकिएको बताए ।

रकम हिनामिनाबारे कुरा बाहिरिएपछि अहिले उक्त रकमको सामान खरिदको सुरसार भएको छ । जनप्रतिनिधिहरुले नेकपा एमालेका अध्यक्ष केपी शर्मा ओलीको प्रमुख आतिथ्यतामा गत वर्ष कात्तिक १८ गते दार्चुला सदरमुकाम खलंगामा आयोजना गरिएको एमालेको चुनावी आमसभामा सहभागी हुन गाडी व्यवस्थापनका लागि खर्च मागिएको तथा उक्त खर्च व्यहोर्न नगरपालिकाबाट बजेट विनियोजन गरिएको बुझिएको छ ।

सरकारी रकम खातामा हालेर हिनामिना गरेको भन्दै त्यहाँका स्थानीयले यो विषयमा प्रशासनमा उजुरीसमेत दिएका छन् । जिल्ला प्रशासनका अनुसार ७ दिनभित्र त्यससम्बन्धी सबै कागजात, बील भौचर र बैंक स्टेटमेन्ट झिकाइएको छ ।

**ग्रामथान गाउँपालिका**
**गाउँ कार्यपालिकाको कार्यालय**
**तेतरिया, मोरङ, कोशी प्रदेश, नेपाल**

**सेवा करारमा कर्मचारी पदपुर्ति गर्ने सम्बन्धी सूचना**

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/१७**

उपरोक्त सम्बन्धमा यस ग्रामथान गाउँपालिकाको एम्बुलेन्स र ट्र्याक्टर सञ्चालनको लागि एक एक जना एम्बुलेन्स चालक र ट्र्याक्टर चालक करार सेवाबाट पदपुर्ति गर्नुपर्ने भएकोले देहायको योग्यता पुगेका ईच्छुक नेपाली नागरिकले यो सूचना प्रकाशित भएको मितिले १५ (पन्ध्र) दिन भित्र कार्यालय समय भित्र तोकिएको शुल्क तिरेको रसिद सहित दरखास्त दिनुहुन सम्बन्धित सबैको जानकारिको लागि यो सूचना प्रकाशित गरिएको छ । दरखास्त फारम ग्रामथान गाउँपालिकाको वेवसाईट https://www.gramthanmun.gov.np बाट डाउनलोड गर्न सकिनेछ ।

| क्र.स. | विज्ञापन नं | पद | तह | संख्या |
|---|---|---|---|---|
| १. | १/२०८०/८१ | एम्बुलेन्स चालक | श्रेणीविहन | १ (एक) |
| २. | २/२०८०/८१ | ट्र्याक्टर चालक | श्रेणीविहन | १ (एक) |

नोटः विस्तृत विवरण ग्रामथान गाउँपालिकाको वेवसाईट https://www.gramthanmun.gov.np मा हेर्न सकिनेछ ।

**नेपाल सरकार**
**श्रम तथा रोजगार मन्त्रालय**
**वैदेशिक रोजगार विभागको**
**(अनुसन्धान तथा मुद्दा शाखा) ताहाचाल, काठमाडौं, नेपालको**

**३५ दिने सूचना**

वैदेशिक रोजगार व्यवसाय गर्ने **Adventure Human Resource Pvt. Ltd.** ईजाजत नं. ७४५/०६४/०६५ का विरुद्ध वैदेशिक रोजगार विभागमा दर्ता भई फरफारक हुन बाँकी रहेका तपशिल बमोजिमका उजुरीकताएहरुले आफुसँग भएको सबुत प्रमाण सहित यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा वैदेशिक रोजगार विभाग ताहाचाल काठमाडौंमा सम्पर्क गर्नुहुन सूचित गरिन्छ ।

| S. N. | Complaint Id | Victim(S) Name | Amount Claimed | Complaint Date | Recruiting Agency | Country | District | Complaint | Status | Response Day |
|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | 1134 | Laxman Rawal, Kanna Bahadur Shahi | Rs. 150000 | 1/9/2018 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | दोषीलाई कारवाही गरी रकम र क्षतिपूर्ति | On Progress | 0 |
| 2. | 1143 | Janak Rawal, Tanka Budha | Rs. 150000 | 1/10/2018 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | दोषीलाई कारवाही गरी रकम र राहदानी फिर्ता | On Progress | 7 |
| 3. | 3102 | Ram Aashis Batar | Rs. 136800 | 1/21/20196 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | रकर्मा र क्षतिपुर्ति | On Progress | 7 |
| 4. | 5390 | Buddha Bahadur Waiba | 0 | 1/9/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | खान बस्न नदिएको, औषधी उपचार, उद्धार | On Progress | 7 |
| 5 | 5583 | Dil Bahadur Nepali | 0 | 2/22/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | उद्धार गरी स्वदेश फिर्ता | On Progress | 7 |
| 6 | 5589 | Rajan Khadka | 0 | 12/3/2021 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | उद्धार गरी स्वदेश फिर्ता | On Progress | 7 |
| 7 | 5801 | | 0 | 6/15/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | Rescue | On Progress | 0 |
| 8 | 5862 | | 0 | 6/28/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | Rescue | On Progress | 0 |
| 9 | 6196 | Kumar Basnet | 0 | 7/27/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | उद्धार गरी स्वदेश फिर्ता | On Progress | 7 |
| 10 | 6328 | | 0 | 8/14/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | Rescue | On Progress | 0 |
| 11 | 6511 | Serap Lal Moktan | 115000 | 8/31/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | क्षतिपूर्ति भने बमोजिम सेवा सुविधा नपाई स्वदेश फर्केको | On Progress | 7 |
| 12 | 6576 | Abhishek Kumar Yadav | 0 | 9/2/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | Rescue | On Progress | 0 |
| 13 | 6652 | Kumar Basnet | 179500 | 10/13/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | रकम फिर्ता | Compensated | 7 |
| 14 | 6738 | Subindra Thapa | 369000 | 11/27/2022 | Adventure Human Resource Pvt. Ltd. | Saudi Arabia | Kathmandu | क्षतिपुर्ति | Compensated | 7 |
| 15 | 7031 | Lal kumar Ghalan | 0 | 3/16/2023 | Adventure Human Resource Pvt. Ltd. | Malaysia | Kathmandu | उद्धार | On Progress | 0 |

सिटिजन्स बैंक इन्टरनेसनल लिमिटेडको
**चालु अवस्थामा रहेको सवारी साधन बिक्रीको ७ (सात) दिने सूचना**

प्रकाशित मितिः २०८०/०४/१७

यस बैंकले प्रयोग गरिरहेको तपसिल बमोजिमको सवारी साधन जहाँ जे जस्तो अवस्थामा छ सोही अवस्थामा गोप्य शिलबन्दी बोलपत्रको माध्यमबाट बिक्री गर्नु पर्ने भएकोले ईच्छुक व्यक्ति, फर्म वा कम्पनीहरुबाट निम्न लिखित शर्त, बन्देजको अधिनमा रहि मिति २०८०/०४/२३ भित्र यस बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा प्राप्त हुने गरी गोप्य शिलबन्दी बोलपत्र पेश गर्नको लागी आव्हान गरिन्छ ।

| क्र.स. | सवारीको नाम | बनेको साल | दर्ता. नं. | सवारी रहेको स्थान |
|---|---|---|---|---|
| १. | TATA Tiago XT | २०२१ | बा प्र-०१ ०२६ च ३३५५ (B AC 3127) | केन्द्रिय कार्यालय, नारायणहिटी पथ, काठमाडौं |

**शर्तहरु**

१. बोलपत्र फारम यस बैंकको केन्द्रिय कार्यालय सामान्य सेवा विभागबाट निःशुल्क प्राप्त गर्न सकिन्छ ।
२. बोलपत्र साथ बोलपत्र दाताले जमानत वापत आफुले कबोल गरेको अंकको ५ (पाँच) प्रतिशतले हुन आउने रकम यस बैंकको कुनै पनि शाखा कार्यालयबाट खाता नं. ९९९०१२९००४०१०१ मा नगद जम्मा गरेको सक्कल भौचर पेश गर्नु पर्नेछ ।
३. बोलपत्रमा बोलपत्र दाताले नेपाली नागरिकताको प्रमाणपत्रको प्रतिलिपि वा आफ्नो परिचय खुल्ने प्रमाणित कागजात र फर्म वा कम्पनी भएमा दर्ता प्रमाणपत्र (नविकरण गरिएको) तथा स्थायी लेखा नम्बर वा मूल्य अभिवृद्धि करको प्रमाणपत्रको प्रतिलिपि पेश गर्नु पर्नेछ ।
४. अन्य शर्तहरु बोलपत्र फाराममा उल्लेख भए बमोजिम हुनेछ ।
५. यस सम्बन्धी विस्तृत जानकारीको लगि बैंकको केन्द्रिय कार्यालय, सामान्य सेवा विभाग, नारायणहिटी पथ, काठमाडौंमा सम्पर्क राख्न सकिनेछ ।
६. प्रस्तावित बोलपत्र मिति २०८०/०४/२४ गते बैंकको नारायणहिटी पथ केन्द्रिय कार्यालयमा दिनको ठिक ११:०० बजे खोलिनेछ । सो दिन बैंकमा बिदा परेमा त्यसको लगत्तै बैंकको कार्यालय खुलेको दिन उपरोक्त समयमा प्राप्त बोलपत्रहरु खोलिने छ ।
७. कुनै वा सबै बोलपत्र स्वीकृत वा अस्वीकृत गर्ने वा आंशिक मात्र स्वीकृत गर्ने वा उचित र आवश्यक ठानेको अवस्थामा स्वीकृत बोलपत्रको बोलकबोल अंकमा समेत पुनः नेगोशिएसन समेत गर्न सक्ने अधिकार बैंकमा निहित हुनेछ ।

**मुख्य कार्यालयः**
पो. ब. १९६८१, नारायणहिटी पथ, काठमाडौं, नेपाल
फोनः ९७७ १ ४५२७८४२/४३/२४ फ्याक्सः ९७७ १ ४५२७०४४
इमेलः info@ctznbank.com, SWIFT: CTZNNPKA
कल सेन्टरः support@ctznbank.com, ०१-५९७००६८

Citizens Bank

**कतारमा रोजगार** | **कम्पनी** : GULF ASIA CONTRACTING **शहरः** Doha

**पूर्व स्वीकृत मितिः २०७९/१०/०४** **चलानी नं.: ६०१९५२५२०** **L.T. No.:279688** **पुनः विज्ञापन**

| सि. नं. | कामदारको पद | माग संख्या | | न्यूनतम योग्यता | मासिक तलब | | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| | | पुरुष | महिला | | QR | ने. रु. | | | | | | | |
| 1. | Labour | 7 | 0 | स. काममा दक्ष | 1000 | ३६,०२० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २४ गते (9 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष (एसएसएफ) | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले तिर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले तिर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | कामदारले तिर्ने | रोजगारदाताले व्यहोने | रोजगारदाताले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | निःशुल्क |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

**मञ्जुश्री ओभरसिज सर्भिस प्रा. लि.**
बालुवाटार, काठमाडौं, श्रम इजाजत पत्र नं. ४२३/०६०/०६१, फोनः ४४४६०४१
E-mail.: manjushreeoverseas@gmail.com, Web.: www.http://www.manjushree.com.np

मध्यान्ह
राष्ट्रिय दैनिक
www.madhyanhadaily.com
१७ साउन २०८०, बुधबार
2 August 2023, Wednesday

# रास्वपाद्वारा सैनामैनामा पूर्ण कमिटी गठन, सभापतिमा घिमिरे चयन



**प्रदिप ज्ञवाली/मध्यान्ह**
सैनामैना, १६ साउन

राष्ट्रिय स्वतन्त्र पार्टी सैनामैना २ ले पूर्ण कमिटी गठन गरेको छ। गठित वडा कमिटीको सभापतिमा केशव घिमिरे चयन भएका छन् ।

कमिटीको उपसभापतिमा समुन्द्रा भट्टराई खत्री, सचिवमा ऋषि घिमिरे चयन भएका छन्।

११ सदस्यीय कमिटीको सदस्यहरुमा यमकला गैरे, चन्द्रकला भण्डारी, मीना कुमारी सुनुवार, पुनम पाण्डे, महेन्द्रबहादुर दगामी, कमला खनाल, सर्मिला वि.क र घनश्याम चौधरी रहेका छन् ।

सैनामैना नगरसभापति राजबहादुर क्षेत्रीको अध्यक्षतामा भएको कार्यक्रममा पार्टीका लुम्बिनी प्रदेश इन्चार्ज गणेश पौडेल, रुपन्देही जिल्ला संयोजक डा.बुद्धि शर्मा, प्रदेश सदस्य महेन्द्र उपाध्यायको उपस्थिति रहेको थियो। कार्यक्रमको सहजीकरण पार्टीका सैनामैना नगर सचिव लक्ष्मण पौडेलले गरेका थिए । उक्त कार्यक्रम सैनामैना नगरपार्टी कार्यालयमा भएको थियो ।

# एनआरएनए इटालीमा सिंहको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध

**पुस्तक रेग्मी/मध्यान्ह**
इटाली, १६ साउन



गैरआवासीय नेपाली संघ राष्ट्रिय समन्वयव समिति इटालीको आठौं अधिवेशन सोमबार इटालीको मिलान शहरमा सम्पन्न भएको छ । अधिवेशनले २०२३-२०२५ कार्यकालका लागि भवेशकुमार सिंहको अध्यक्षतामा नयाँ कार्यसमिति निर्विरोध निर्वाचित गरेको छ। यस्तै आइसीसी सदस्यमा छविलाल कंडेल निर्विरोध निर्वाचित भएको निर्वाचन संयोजक उत्सव घिमिरेले जानकारी गराए ।

त्यस्तै उपाध्यक्षमा केशव गुरुङ र देवानन्द बराल, महासचिवमा अशोक उप्रेती, सचिवमा गोपाल मान श्रेष्ठ, सहसचिवमा जीत बन्जारा, कोषाध्यक्षमा दिर्घा थापा, सहकोषाध्यक्षमा बिना मगराती, युवा संयोजकमा हरि श्रेष्ठ, महिला संयोजकमा शिवा पाठक तथा सदस्यहरूमा दिल बहादुर खत्री, लक्ष्मी उप्रेती र सागर कार्की निर्विरोध निर्वाचित भएका छन् । स्विजरल्याण्ड तथा इटालीका लागि नेपाली कार्यबाहक राजदूत उत्तमकुमार शाही प्रमुख अथिति, एनआरएनए इटाली आइसीसी तथा निर्वाचन पर्यवेक्षक राजन चापागाई र वरिष्ठ सल्लाहकार रिचार्ड भण्डारी विशेष अतिथिको रुपमा रहेको उक्त कार्यक्रमको सभापतित्व संघका २०२१-२०२३ का अध्यक्ष छबिलाल कंडेलले गरेका थिए ।

२०२१-२०२३ कार्यसमितिको तर्फबाट महासचिव भवेशकुमार सिंहले सञ्चालन गरेको उक्त कार्यक्रममा महिला संयोजक बिना मगरातीले स्वागत मन्तव्य तथा संघका उपाध्यक्ष भोजराज कंडेलले २०२१-२०२३ कार्यसमितिका गतिविधिहरुमाथि प्रकाश परेका थिए ।

यसैगरी संघका पूर्वउपाध्यक्ष मनोज कुमार कार्की, नेपाल मितेरी मञ्च मिलानोकोका अध्यक्ष रोजन राना, आइसीसी सदस्य राजन चापागाईंले अधिवेशन सफलतको शुभकामना दिँदै एनआरएनए इटालीले २०२१-२०२३ कार्यकालमा गरेका कामहरुका लागि धन्यवाद दिए ।

कार्यक्रममा संघका वरिष्ठ सल्लाहकार रिचार्ड भण्डारीले २०२१-२०२३ कार्यकाल पूर्णरुपमा सफल रहेको जानकारी गाराउँदै आउँदा दिनमा पनि नयाँ कार्यसमितिले सहमति र सहकार्य गर्दै सबैलाइ समेटर आगाडि बढ्ने विश्वास व्यक्त गरे ।

स्विजरल्याण्ड तथा इटालीका लागि कार्यबाहक राजदूत शाहीले इटालीवासी नेपालीहरुको हकहितका लागि राजदूतावास एनआरएनए इटालीसँग हातेमालो गर्दै अगाडि बढ्ने जानकारी गराउँदै नयाँ कार्यसमितिलाई सफल कार्यकालका लागि शुभकामना दिए ।

एनआरएनए इटाली २०२१-२०२३ को तर्फबाट अध्यक्ष छबिलाल कंडेलले कार्यकालको कामकारबाहीका बारेमा प्रकाश पार्दै कार्यकाल सफल पार्न सहयोग गर्ने नेपाली कन्सोलेट रोमका कन्सोलर पाओलो नुगारी, नेपाली राजदूतावास स्विजरल्याण्ड, वरिष्ठ सल्लाहकार रिचार्ड भण्डारी, संघका पूर्वअध्यक्ष देवराज गुरुङ, पूर्वअध्यक्ष तथा आइसीसी सदस्य दिपेश कुमार रेग्मी, आइसीसी सदस्य राजन चापागाईं, इटालीस्थित स्थानीय नेपाली समाजहरु, समाजसेवी, पत्रकार, कलाकारलगायत सबैप्रति धन्यवाद व्यक्त गरे ।

साथै संघको तर्फबाट एनआरएनए इटाली २०२१-२०२३ कार्यकालप्रति गरेको सहयोग तथा सहकार्यका लागि नेपाली कन्सोलेट रोमका कन्सोलर पाओलो नुगारी, सम्पूर्ण स्थानीय नेपाली समाजहरु, वरिष्ठ सल्लाहकार रिचार्ड भण्डारीलाई उनले विशेष सम्मानका साथ कदरपत्र प्रदान गरेका थिए।

आठौं अधिवेशनको सफलताका लागि नेपाली समाज रोमका अध्यक्ष देवराज गुरुङ, नेपाली समाज पिसाका अध्यक्ष बद्रिनारायण चौधरी, एनआरएनए युरोप संयोजकद्वय चिन्तामणि सापकोटा, सन्तोष भट्टराई, एनआरएनए आइसीसी उपाध्यक्ष आरके शर्माबाट शुभकामना सन्देश प्राप्त भएका थिए ।

# यौन दुर्व्यवहारको आरोपमा स्वास्थ्य शाखा प्रमुखमाथि मुद्दा दर्ता

**शहबाज खान/मध्यान्ह**
कपिलवस्तु, १६ साउन




महिला कर्मचारीलाई यौन दुर्व्यवहारको आरोपमा कपिलवस्तुको शिवराज नगरपालिकाका स्वास्थ्य शाखा प्रमुखविरुद्ध मुद्दा दर्ता गरिएको छ ।

नगरपालिकामा काम गर्ने एक महिला कर्मचारीले आफुमाथि यौन दुर्व्यवहार भएको भन्दै नगरपालिकाको आधारभूत स्वास्थ्य सेवा अस्पतालका प्रमुख तथा सीअहेब लेखनाथ पौडेलसहित भुवन पाण्डेयविरुद्ध मुद्दा दर्ता गरेकी हुन् ।

शुक्रबार १ बजे राति मदिरा सेवन गरी सहकर्मी महिला कर्मचारीमाथि जबरजस्ती करणी गर्न खोजेको उक्त महिला कर्मचारीले आरोप लगाएकी छन् ।

प्रमुख प्रशासकीय अधिकृत पाण्डेका अनुसार मुद्दा दर्ता भएसँगै आरोपित पौडेललाई जिम्मेवारीबाट हटाइएको छ। वडा प्रहरी कार्यालय चन्द्रौटाका प्रहरी निरीक्षक शेखरजंग मल्लका अनुसार सोमबार अदालतबाट पक्राउ पुर्जीसमेत जारी भइसकेको छ । आइतबार साँझ पीडित महिला कर्मचारीहरूले ती दुईमाथि जाहेरी दिएपनि सोमबार मात्रै दर्ता भएको र आरोपित दुवैजना सम्पर्कविहीन रहेको प्रहरी निरीक्षक मल्लले बताए ।

# विद्यार्थीलाई शैक्षिक सामग्री हस्तान्तरण



**काठमाडौं/मस**–रौतहटको श्री जनजागृति उच्च माविमा अध्ययनरत विद्यार्थीहरुलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको छ । हिकारु गौतम फाउण्डेशनको तेस्रो स्मृति दिवसको अवसरमा आयोजित कार्यक्रममा विद्यालयमा पढ्ने कक्षा १ का झण्डै ५७ छात्रछात्राहरुलाई शैक्षिक सामग्री हस्तान्तरण गरिएको हो ।

विद्यालय व्यवस्थापन समितिकी अध्यक्ष उमा चौलागाईंको अध्यक्षतामा भएको कार्यक्रममा पूर्वमन्त्री तथा नेकपा एमाले पोलिटब्यूरो सदस्य कमलप्रसाद चौलागाईं प्रमुख अतिथि थिए ।

कार्यक्रममा दिवगंत आत्माको चिरशान्तिको कामना गर्दै स्व.हिकारु गौतमको तस्बिरमा माल्यार्पण गरी श्रद्धाञ्जली व्यक्त गरिएको थियो । कार्यक्रममा हिकारु गौतमकी आमा सरिता चौलागाईंले अमेरिकाबाट फोनमार्फत आफ्नो छोराको सम्झनामा आउने दिनहरुमा जेहेन्दार विद्यार्थीहरुलाई प्रोत्साह गरिने बताइन् ।

झण्डै तीन वर्षअघि अमेरिकामा १९ वर्षको अल्पायूमै निधन भएका आफ्ना नाती स्व.हिकारु गौतमको नाममा स्थापना गरिएको हिकारु फाउण्डेशनले विगतदेखि विभिन्न ठाउँमा यस्ता गतिविधि गर्दै आएको प्रमुख अतिथि एवम् हिकारुका हजुर बुवा कमलप्रसाद चौलागाईंले बताए।

त्यस्तै चौलागाईंले हिकारु गौतम उत्कृष्ट विद्यार्थी प्रोत्साहन छात्रावृत्ति कोष खडा गर्न ११ हजार एक सय ११ रुपैयाँ विद्यालयलाई दिने र वार्षिक आउने ब्याज वापत रकम प्रति वर्ष एकजनालाई प्रोत्साहन छात्रवृत्तिको नाममा हस्तान्तरण गरिने बताए । उक्त कार्यक्रममा कौशिला चौलागाईं, अम्बिका चौलागाईं, ज्ञानु चौलागाईं, प्रधानाध्यापक शत्रुधन शाह, महेन्द्र चौलागाईं, विपिन गौतम, वेद गौतम, चन्द्र गौतम, पुष्पराज, प्रकाश चौलागाईं, दिलानाथ, शिक्षक विद्यार्थी तथा अभिभावकलगायतको उपथिति रहेको थियो। कार्यक्रमको सहजीकरण शिक्षक शम्भु हुमागाईंले गरेका थिए ।


## कम्पनीको नाम परिवर्तन सम्बन्धी सूचना

**प्रथम पटक प्रकाशित मितिः २०८०/०४/१७**

**सुपरमुन ट्रेड कन्सर्न प्रा.लि.** **(Supermoon Trade Concern Pvt. Ltd.)** को मिति २०७५/०३/२३ गते मा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम साविक कम्पनीको नाममा रहेको सम्पूर्ण चल अचल सम्पत्ति तथा तिर्नु व्यहोर्नु पर्ने कर, दायित्व आदि सबै परिवर्तित नामको कम्पनीले सकार्ने व्यहोर्ने शर्तमा साविक नाम परिवर्तन गरी **सुपरमुन इन्टरनेशनल प्रा.लि. (Supermoon International Pvt. Ltd.) (प्रा.लि. नं.: १८५८०२)** कायम गर्ने गरी मिति २०७५/०३/३२ गते श्री कम्पनी रजिष्ट्रारको कार्यालयबाट स्वीकृति प्राप्त भएकोले सर्वसाधारण तथा सरोकारवाला सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।

## हकदावी सम्बन्धी ३५ दिने सूचना

कम्पनी ऐन २०६३ बमोजिम मिति २०७६/०९/२० मा दर्ता भएको **प्रा.लि. नं. २३१९१५** को **सुनौलो ट्रेडिङग प्रा.लि.**को मिति २०८०/०२/२२ गतेमा सम्पन्न विशेष साधारणसभाको निर्णय बमोजिम कम्पनी ऐन २०६३ को दफा १२६ बमोजिम स्वेच्छिक खारेजी लिक्विडेशनमा लैजाने निर्णय गरेकोले यस कम्पनीसँग कोही कसैलाई कुनै किसिमको लेनदेन बाँकी बक्यौता रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्रमा निम्न लिखित लिक्विडेटरको कार्यालयमा हकदाबी गर्न सम्बन्धित सबैको जानकारीको लागि यो सूचना जारी गरिएको छ ।

**लिक्विडेटरः शेर बहादुर रोकाया, इजाजतपत्र नं. २८७, ठेगाना : बबरमहल, काठमाडौं**
**फोन नं. ९७४६४९१७१३, ईमेल** : rokayasherbahadur723@gmail.com

## साइप्रसमा वैदेशिक रोजगारको अवसर

**कम्पनी** : GEORGIOS KONTOGIANNIS PRIVATE EMPLOYMENT & IMMIGRATION SERVICES **शहरः Cyprus**
**पूर्व स्वीकृत मितिः २०८०/०१/०७** **चलानी नं.: ६०२००५७८** **LT. No.:284775** **पुनः विज्ञापन**

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | न्यूनतम योग्यता | मासिक तलब EURO | मासिक तलब ने. रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1. | Domestic Worker | 0 | 16 | स. काममा दक्ष | 314 | ४५,४९५ | क.नि अनुसार | ८ घण्टा | ६ दिन | क.नि अनुसार | छ | छ | २ वर्ष |

**अन्तर्वार्ता मेनपावर कार्यालय काठमाडौंमा २०८० साउन २४ गते (9 August 2023) मा हुनेछ ।**

| स्वदेशमा गर्ने मेडिकलको शुल्क कस्ले व्यहोर्ने र कति लाग्ने | विदेशमा गर्ने मेडिकलको खर्च कस्ले व्यहोर्ने | स्वदेशमा गरिने म्यादे जीवन बिमा कस्ले व्यहोर्ने/कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र प्रिमियम कस्ले तिर्ने | कामदारलाई हवाइ टिकट कस्ले दिने र कति लाग्ने | भिषा शुल्क कस्ले व्यहोर्ने | भिषा स्ट्याम्पीङ शुल्क कस्ले व्यहोर्ने | अभिमुखीकरण शुल्क कति लाग्ने र कस्ले व्यहोर्ने | कल्याणकारी कोष सम्बन्धी व्यवस्था | सेवाशुल्क कति लाग्ने र कस्ले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदारले व्यहोर्ने | रोजगारदाता कम्पनीले व्यहोर्ने | कामदारले व्यहोर्ने | बिमा हुने/प्रिमियम रोजगारदाताले | रोजगारदाताले दिने | रोजगारदाताले व्यहोने | कामदारले व्यहोर्ने | रु. ७००/- कामदारले तिर्ने | रु. १,५००/- कामदारले तिर्ने | रु. १०,०००/- कामदारले तिर्ने |

बैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. आफ्नो नाममा भिसा प्राप्त भईजाने निश्चित भएपछि मात्र कम्पनीमा गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनु होला। २. आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं: हरु साथमा राख्नु होला । आफु कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३. यस विज्ञापन (सूचना) मा उल्लेख भएको भन्दा बढी रकम कसैलाई नदिनुहोला । ४. विदेश जानु अघि अभिमुखीकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्ने छ । ५. विदेश जानु अघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा तथा सुविधा र अन्य शर्तबारे राम्रोसँग पढेर मात्र सम्झौता पत्रमा हस्ताक्षर गर्नु होला र सो को एक (१) प्रति आफुसँग राख्नु होला । ६. काममा विदेश जादाँ नेपालकै विमानस्थल प्रयोग गर्नु होला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७. यस विज्ञापन सम्बन्धमा थप केही बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नु होला ।

AGNI overseas
**अग्नि ओभरसिज प्रा. लि.**
श्रम ईजाजत नं.: ९५९/०६७/०६८
सामाखुसी–२६, टाउन प्लानिङ्ग, काठमाडौं, फोन नं. ०१–४९५०३८९, मो.: ९८४०४११७८५



## Aalital Rural Municipality
## Office of the Rural Municipal Executive
**Bhimdattapur, Dadeldhura**
**Sudurpaschim Province, Nepal**

## Invitation for Bids

Invitation for Bids No: **ATLRM/NCB/WORKS/01/2080/81**

Date of publication: 2080/04/17

1. ***Aalital Rural Municipality, Dadeldhura*** invites sealed bids or electronic bids from eligible bidders for the ***Construction of Bhadi –Bhote Chaupata Lifting DWSS Works*** under National Competitive Bidding – Single Stage Two Envelope Bidding procedures.

| S.N. | Contract no. | Description of work | Bid Security Amount and validity | Cost of Bidding Document | Bid Opening Date and Time |
|---|---|---|---|---|---|
| i. | **ATLRM/NCB/ WORKS/ 01/2080/81** | Construction of Bhadi-Bhote Chaupata Lifting DWSS Works | NRs. Nine Lakh Twelve Thousand Five Hundred only (120 days) | NRs. 5000 | 2080/05/19 2:00 pm |

Only eligible bidders with the following key qualifications should participate in this bidding:

- Minimum Average Annual Construction Turnover of the best 3 years within the last 10 years: ***NRs. Two Crores Ninety Two lakhs only***
- Minimum Work experience of similar size and nature: **within the last ten (10) years, with a value of at least NRs Two Crores Nineteen lakhs (without VAT) that have been successfully or are substantially completed.**

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office of ***Aalital Rural Municipality, Bhimdattapur, Dadeldhura; email: ito.aalital@gmail.com, phn no.: 9858781020*** or may visit PPMO e-GP system www.bolpatra.gov.np/egp.

***A. Chief Administrative Officer***



*"कृषि, शिक्षा, स्वास्थ्य, पर्यटन र सञ्चार समुन्नत तिलागुफाको लागि सबल स्थानीय सरकार"*

## Tilagupha Municipality
## Office of the Municipal Executive
**Galje, Kalikot District**
**Karnali Province, Nepal**

## Invitation of Electronic Bids

**First Date of Publication: 2080/04/17 (02/08/2023)**

1. The Tilagupha Municipality, Office of The Municipal Executive, Galje, Kalikot invites electronic bids from eligible Bidder submit their bid electronically through E-procurement section of PPMO's Website http://www.bolpatra.gov.np/egp on or before the deadline of 2080/05/15(01/09/2023)at12:00hour.Formoredetails:-visite-procurementsectionofPPMO'sWebsitehttp://www.bolpatra.gov.np/egp and www.tilagufamun.gov.np.
2. Bidder can submit the Bid Security in the form of cash in Deposit Account No. 06201050250382 (Dharauti account) at Nepal Investment Mega Bank Branch office Nagma, Kalikot or in the form of bank guarantee in favor of Tilagupha Municipality, Office of the Municipal Executive, Galje, Kalikot as per standard format provided in Bid documents (Contract No. should be clearly mentioned, otherwise will not be accepted). Bid security validity period for tender shall be 120 days from the date of bid opening and should submit/upload the original receipt of the deposited amount of cash along with the Bid document. The Bidder shall be required to deposit the cost of bidding document (as specified in the below table) in the Office's revenue Account no . : 06201400250009 at Nepal Investment Mega Bank Branch office Nagma, Kalikot.

**Contracts Description Table (CDT)**

| S. N. | Contract No. | Description of location of work | Estimated Amount, NRs (Including VAT) | Bid Security Amount (NRs) | Fee for bid Document NRs. |
|---|---|---|---|---|---|
| 1 | TGM/KKT//PCRCP/WORK /NCB/01/2080/081 | Panikhal to Chimalchaur Road Construction | 1,88,10,381.83 | 4,71,000.00 | 3,000.00 |
| 2 | TGM/KKT/SMBSBCP/WORK /NCB/02/2080/081 | Shree Mahabai Basic School Building Construction | 95,00,457.74 | 2,38,000.00 | 3000.00 |
| 3 | TGM/KKT/OCRCP/WORK/ NCB/03/2080/081 | Okharvitta to Chuli Road Construction | 1,14,00776.92 | 2,86,000.00 | 3000.00 |

**Chief Adminstrative officer**

# टी-२० विश्वकप एसिया छनोट खेल्ने महिला टोली घोषणा

**काठमाडौं/मस-** नेपाल क्रिकेट संघ (क्यान)ले आइसीसी महिला टी-२० विश्वकपको एसिया छनोट प्रतियोगिताका लागि २४ खेलाडी छनोट गरेको छ । मलेसियामा आयोजना हुने उक्त प्रतियोगितामा रुबिना क्षेत्रीको कप्तानीमा क्यानले २४ खेलाडी छनोट गर्दै बन्द प्रशिक्षणमा बोलाएको हो । विश्वकपको एसिया छनोट आगामी अगष्ट २८ देखि सेप्टेम्बर ६ तारिखसम्म हुनेछ ।



एशिया छनोटमा सहभागी टोलीलाई दुई समूहमा विभाजन गरिएको छ। जसमा नेपाल समूह 'ए'मा छ। नेपालको समूहमा आयोजक मलेसियासँगै भुटान, बहराइन, कतार र संयुक्त अरब इमिरेट्स (यूएई) छन्। यसैगरी समूह 'बी' मा कुवेत, चीन, हङकङ, स्यान्मार र थाइल्याण्ड छन्। आफनो समूहमा शीर्ष दुई स्थान हासिल गर्ने टोलीले सेमिफाइनल खेल्ने छन्।

फाइनल पुग्ने दुई राष्ट्रले भने बंगलादेशमा सन् २०२४ मा आयोजना हुने महिला विश्वकप प्रतियोगितामा स्थान पक्का गर्नेछन् ।

